

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



लागूऔषधरहित परिवारः स्वस्थ जीवनको आधार
- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरूत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❖ वर्ष ३६ ❖ २०७९ कात्तिक १७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 03 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६५


# चाडपर्व सकिएलगत्तै चुनाव प्रचारप्रसार तीव्र

प्रस, वीरगंज, १६ कात्तिक/

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन नजीकिंदै जाँदा चुनाव प्रचार अभियान

तस्वीरहरू: सौजन्य









पनि तीव्र भएको छ । हिन्दूहरूको महान् पर्व दशैं, तिहार, छठ सकिएपछि राजनीतिक दलहरू र तिनका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारहरू चुनाव प्रचारप्रसारमा सक्रिय भएका हुन् ।

निर्वाचन आयोगले कात्तिक १७ देखि मङ्सिर १ गतेसम्म निर्वाचनको प्रचारप्रसारका लागि जनसभा, कोणसभालगायत गर्न निर्देश गरे अनुसार आज अन्तिम दिन पनि घरदैलो कार्यक्रमले निरन्तरता पाएको छ । अहिलेसम्म कुनै पनि राजनीतिक दलहरूले पर्सामा आमसभाको घोषणा गरेका छैनन् । ठूला नेताहरू पनि अहिलेसम्म पर्सा जिल्लामा चुनाव प्रचारको लागि







दौडाहामा आएका छैनन् । स्थानीय नेता, कार्यकर्ताहरू मतदाताको घरदैलोमा पुगेर मत मागिरहेका छन् ।

यसै क्रममा पर्सा क्षेत्र नं १ बाट जसपा–एमाले गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रदीप यादव, क्षेत्र नं १ (१) बाट प्रदेशसभा सदस्यका उम्मेदवार विचारी यादव, २ का लालबाबूराउत गद्दीले घरदैलो कार्यक्रम गरी मत मागेका छन् ।

वीरगंज महानगर–८ पानीटङ्की र वडा नं ३० लालपर्सामा पुगेर उनीहरूले मतदाताहरूसँग मत मागेका थिए । प्रतिनिधिसभा सदस्यका उम्मेदवार







यादवले आफ्नो पाँच वर्षे कार्यकालमा गरेका काम जनतासामु छर्लङ्ग रहेको र सोहीको आधारमा मतदान गर्न आग्रह गरे ।

कार्यक्रममा प्रदेशसभा सदस्यका उम्मेदवार विचारी यादव, लालबाबू राउत गद्दी, डा विश्वम्भर शर्मा, नेक महम्मद मियाँलगायतको सहभागिता थियो ।

पर्सा क्षेत्र नं १ मा सत्तारूढ गठबन्धनबाट लोसपाका उम्मेदवार लक्ष्मणलाल कर्णले वडा नं ११, १३ मा घरदैलो गरेका छन् । उनले सो अवसरमा मतदाताहरूसँग संविधानको रक्षा गर्न सत्तारूढ गठबन्धनका उम्मेदवारहरूलाई विजयी गराउन आग्रह गरे । कार्यक्रममा नेजामुद्दीन समानी, हुकुम सिंहलगायतको सहभागिता थियो ।

यसैगरी, यही क्षेत्रबाट स्वतन्त्र उम्मेदवारी दिएका अजय द्विवेदीले पनि घरदैलो गरेका छन् । वडा नं ४ मा मङ्गलवार साँझ घरदैलो गर्दै माछा छापमा मतदान गरी निर्वाचित गराउन आग्रह गरे ।

यसैगरी, महानगरको वडा नं १५ मा समाजवादी महिला सङ्घ मधेस प्रदेशकी उपाध्यक्ष पिङ्की यादवको अगुवाइमा महिलाहरूले जसपा–एमाले गठबन्धनका साझा उम्मेदवारलाई विजयी बनाउन मत मागेका थिए ।

सो अवसरमा महिला नेत्रीहरूले जसपाका कारण मधेसी, दलित, मुस्लिमले आफ्नो पहिचान पाएको र उनीहरूको अधिकारको लागि जसपाले लड्दै आएको र लड्ने प्रतिबद्धता जाहेर गरेका थिए । कार्यक्रममा अन्नपूर्ण श्रेष्ठ, प्रेरणा श्रेष्ठ, पिङ्की सिंहलगायतको सहभागिता थियो ।

त्यसैगरी, हाम्रो नेपाली पार्टीबाट पर्सा क्षेत्र नं १ (२) बाट प्रदेशसभाका उम्मेदवार ओमप्रकाश सर्राफले वडा नं ८ पानीटङ्की क्षेत्रमा घरदैलो कार्यक्रम गरेका छन् । उनले आफ्नो चुनाव चिह्न लौरोमा मतदान गरी विजयी बनाउन आग्रह गरे । जनताको मतबाट विजयी भएपछि आफूले जनहितमा काम गर्ने र सो नगरेको खण्डमा जनताले दिने सजाय भोग्न तयार रहेको उद्घोष गरे । कार्यक्रममा हाम्रो नेपाली पार्टीकी समानुपातिक उम्मेदवार गुड्डी जोशीलगायतको सहभागिता थियो ।

यसैगरी, पर्सा क्षेत्र नं २ (२) बाट स्वतन्त्र उम्मेदवार रूपेशमान सिंहले वीरगंज महानगर–३ मा घरदैलो गरेका छन् । सो अवसरमा उनले आफ्नो लालटेन छापमा मतदान गर्न आग्रह गरे । जनतालाई विभिन्नखाले सपना बाँडेर चुनाव जित्ने तर जनआकाङ्क्षा अनुरूप काम नगर्नेहरूलाई पाखा लगाउन उनले आग्रह गरे ।

यसैगरी, पर्सा क्षेत्र नं २ (२) बाट सत्तारूढ गठबन्धनबाट प्रदेशसभा सदस्यमा लोसपाका उम्मेदवार रमेश कुर्मीले बहुदरमाई नगरपालिका–२ पिपरामा चुनावलक्षित चियामा चर्चा कार्यक्रम सम्पन्न गरेका छन् ।

उनले सो अवसरमा विगतका चुनाव जस्तो रक्सी, मासु, पेट्रोल, पैसा र कसैको पनि दबाबमा आएर वा प्रलोभनमा परी मतदान नगर्न आग्रह गरे । उनले विकासको गतिलाई अगाडि बढाउने उम्मेदवारलाई जिताउन आग्रह गरे । उम्मेदवार कुर्मीले आफूले यसअघि गरेका कार्यको मूल्याङ्कन गरेर चुनावमा जिताउन मतदातासँग आग्रह गरे ।

सो अवसरमा वडाध्यक्ष जीतेन्द्र पटेल, जुगुल पटेल, लालबाबू प्रसाद, मौलाना सागिरलगायतको सहभागिता थियो ।

***बलिराम शुक्ला, बिरुवागुठी/***

लोकतान्त्रिक वाम गठबन्धनबाट पर्सा क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार अजय चौरसिया र प्रदेशसभा (१) का उम्मेदवार श्यामप्रसाद पटेलले बुधवार पर्सागढी नगरपालिका–३ मा घरदैलो तथा भेटघाट कार्यक्रम गरेका छन् ।

कार्यक्रममा मतदाताहरूले उम्मेदवार चौरसिया र पटेललाई फूलमाला लगाइ स्वागत गरेका थिए ।

(बाँकी अन्तिम पातामा)

# उम्मेदवार नपुगेको बस्ती: शिकारीवास

प्रस, सेढवा, १५ कात्तिक/

ठोरी गाउँपालिका–३ स्थित



शिकारीवास जहाँ चुनाव प्रचारको कुनै रौनक छैन । तस्वीर: ओमप्रकाश चौधरी

शिकारीवासका सर्वसाधारण मत माग्न आउने नेताहरूको पर्खाइमा रहेका छन् ।

मङ्सिर ४ गते हुने प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कुनै पनि राजनीतिक दलका उम्मेदवार मत माग्न नआएको शिकारीवासका मतदाताहरूले गुनासो गरेका छन् । उम्मेदवारहरू आआफ्नो घोषणापत्रसहित मत माग्न नआउँदा स्थानीयहरूले गाउँ तथा समुदायका समस्याहरू राख्न नपाएको स्थानीय युवा शिवजनम चौधरीले गुनासो गरे । ५५ घरधुरी रहेको शिकारीवासमा शिक्षा, स्वास्थ्य, सडक, तथा जङ्गली जनावरको आक्रमण लगायतका समस्या समाधानका लागि जानकारी गराउन यहाँका स्थानीयहरू उम्मेदवारहरूको पर्खाइमा रहेको चौधरीले बताए । पर्साको सदरमुकाम वीरगंजबाट करीब ५० किलोमिटर उत्तर–पश्चिममा रहेको पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको दोसाँधमा जङ्गलको बीचमा यो गाउँ रहेको छ । थारू बाहुल्यता भएको यस गाउँमा करीब २५० जना मतदाता छन् ।

पर्सा निर्वाचन क्षेत्र नं ४ मा पर्ने यस गाउँमा अन्य गाउँ जस्तो राजनीतिक दलका झन्डा लगाइएको र पर्चा, पम्पलेट बाँडिएको छैन । यस निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यका नौजना र प्रदेशसभा सदस्यका १० जना उम्मेदवार चुनावी मैदानमा छन् ।

# पर्साका ग्रामीण क्षेत्रमा सुर्ती र तोरीबालीको रोपाइँ शुरू

ओमप्रकाश चौधरी, सेढवा, १६ कात्तिक/

पर्साका ग्रामीण किसानहरूले हिउँदे समयावधिमा उखेली किसानहरूले भित्र्याउने गर्छन् ।



तस्वीर: प्रतीक

बाली अन्तर्गत सुर्ती र तेलहन बाली अन्तर्गत तोरीको रोपाइँ शुरू गरेका छन् ।

धानबालीको भदई तथा चैते धान भित्र्याइसकेपछि सुर्तीको रोपाइँ र तोरी छर्न किसानहरूलाई भ्याइनभ्याइ भइरहेको छ । ठोरी गाउँपालिकामा सम्पूर्ण धान भित्र्याइसकिएको र हिउँदे बालीका लागि खेत तैयारी भइसकेकाले अहिले रोपाइँ शुरू भइसकेको ठोरी गाउँपालिका वडा नं ४ विजयबस्तीका किसान बलबहादुर बस्नेतले बताएका छन् । यस वर्ष आवश्यकता अनुसार पानी परेको कारण तोरी छर्नको लागि जमीनमा उपयुक्त चीसोपन भएको उनले बताए । यस क्षेत्रमा २/३ दिनभित्र तोरी छर्ने कार्य सम्पन्न हुने श्रेष्ठले बताए । तोरी तीन महीनाको



तस्वीर: प्रतीक

त्यस्तै, नगदेबालीमा पर्ने सुर्तीको रोपाइँ धमाधम भइरहेको छ । सुर्तीको बीउ उत्पादन गर्ने जिम्मा लिएका किसानहरूले ब्याडमा बीउ तैयार गरिसकेको अवस्थामा अन्य किसानहरूले रोपाइँ शुरू गरेका छन् । ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी लगायतका गाउँपालिकाका किसानहरू सुर्ती रोपाइँमा व्यस्त छन् । ठोरी गाउँपालिका वडा नं ५ सुवर्णपुरका किसान निरोज बस्नेतले सुर्तीखेतीमा मुनाफा घट्दै गएको बताए । सरकारले रासायनिक मल उपलब्ध नगराउँदा महँगो मूल्यमा भारतीय बजारबाट मल ल्याउनुपरेकोले समस्या बढेको बताए । ५० किलो बोराको एक हजार मूल्य पर्ने युरिया भारतमा दुई हजार र नेपालमा दुई हजार पर्ने डिएपी मल तीन हजार २०० रुपियाँमा ल्याउनुपरेको किसान बस्नेतले बताए । इन्धनको मूल्यवृद्धि भएसँगै कृषि प्रयोजनका सामग्रीहरूको पनि मूल्यवृद्धि भएको तर सूर्य नेपालले किसानसँग उत्पादनको मूल्य पुरानै दरमा खरीद गर्दा समस्या भएको किसानहरूको गुनासो छ ।

# वीउवासङ्घको टोली सिङ्गापुर र भियतनाम प्रस्थान

प्रस, वीरगंज, १६ कात्तिक/

वीरगंज उद्योग वाणिज्य सङ्घका



तस्वीर: सौजन्य

पदाधिकारी सदस्यहरूको आआफ्ना पत्नीसहितको जम्बो टोली बुधवार सिङ्गापुर र भियतनाम प्रस्थान गरेको छ । सङ्घका अध्यक्ष सुबोध गुप्ताले विज्ञप्ति जारी गरी ३६ जनाको टोली सिङ्गापुर र भियतनामको लागि आज प्रस्थान गरेको बताएका छन् ।

उनले भ्रमणका क्रममा द्वीपक्षीय व्यापार प्रवर्द्धन गर्ने, निर्यात परिमाण वृद्धि गर्ने, निर्यातका लागि वस्तुहरूको पहिचान गर्ने, संस्थागत सम्बन्ध विस्तार गर्ने, दुई देशका उद्योगी–व्यवसायीसँग बिटुबी मिटिङ गरी वैदेशिक लगानीको लागि आग्रह गर्ने, अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन गर्ने भ्रमणको उद्देश्य रहेको

(बाँकी अन्तिम पातामा)

### विचारसार एवं सूक्तिहरू

**हामीसँग रिसाउने त खुशी नै हो, दुःखले कहाँ कुनै नखरा देखाउँछ ?**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# चुनावी घोषणापत्र

**आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि दलहरूको चुनावी घोषणापत्र सार्वजनिक हुने क्रम जारी छ। चुनाव सम्पन्न भएपछि गरिने काम तथा योजना नै चुनावी घोषणापत्र हो। यसलाई प्रतिबद्धता वा सङ्कल्पपत्र पनि भनिन्छ । यसपटक नेपाली काङ्ग्रेसले चुनावी घोषणापत्र नभनी 'सङ्कल्पपत्र' भनेर सार्वजनिक गरेको छ । विगतमा जारी चुनावी घोषणापत्र अनुसार काम हुन नसकेको हुँदा मतदाताले नपत्याउला भनेर केही नयाँ दिने उद्देश्यका साथ सङ्कल्पपत्र नामकरण गरिएको हुन सक्छ । दलहरूले हरेक पाँच वर्षमा कम्तीमा दुईवटा चुनावी घोषणापत्र सार्वजनिक गर्छन्। स्थानीय तहको निर्वाचन र प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको लागि सार्वजनिक गरिने चुनावी घोषणापत्रहरू केवल कर्मकाण्डी मात्रै बनेका छन्। मुलुकका राजनीतिक दलहरूले चुनावपछि घोषणापत्रलाई रछ्यानमा फर्चाँकिदिन्छन् । कतिपय उम्मेदवार आफ्नै पार्टीको घोषणापत्रबारे अनभिज्ञ हुन्छन् । घोषणापत्र निर्माण गर्ने कार्य पार्टीका केही बौद्धिक व्यक्तिका लागि काम देखाउने बहाना मात्रै बनेको छ । यसलाई जतिसक्दो मतदाताको मन लोभ्याउने, ध्यानाकर्षण हुने गरी चिल्लो, चहकिलो, आकर्षक र तार्किक बनाउने काम बौद्धिक समूहको हो। आफ्नो दलमा भनेजस्तो व्यक्ति पाइएन भने दलभन्दा बाहिरका विज्ञ व्यक्ति भाडामा लिएर भएपनि घोषणापत्र बनाउने चलन छ। जसरी हाम्रो समाजका कतिपय समुदायमा व्यक्तिको मृत्यु हुँदा रोइदिने कोही भएन भने केही समयको लागि अरूलाई भाडामा छोरी बनाएर भएपनि रुन लगाउने चलन छ। विवाहको बेला बेहुली रोइन भने कुकुरलाई कुटेर रुवाउने चलन थियो । यसरी केही व्यक्तिले बनाउने घोणषापत्रको अन्तर्वस्तु दलका ठूला नेताहरूले पढेकासमेत हुँदैनन् । पढेकै भएपनि चुनावपछि सरकारमा गएको खण्डमा के गर्ने, प्रतिपक्षमा बस्नुपरे के गर्ने भन्नेतर्फ ध्यान नदिई मतदातालाई भ्रम र खोक्रो आश्वासन दिने कुरामा मात्रै उनीहरूको ध्यान केन्द्रित हुन्छ ।**

**नागरिकका चासोका मुद्दा घोषणापत्रमा आउँदैन । यसपटक नेपाली काङ्ग्रेसले जितेमा प्रधानमन्त्री को ? भन्ने मतदाताको बढी चासो छ। त्यही कुरा सङ्कल्पपत्रले दिएन । विगतमा पार्टीलाई जिताउन तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीमा सन्तनेता कृष्णप्रसाद भट्टराईको नाम अगाडि सारेपछि त्यसले सकारात्मक नतीजा दिएको थियो । त्यसैगरी, एमालेले पनि तत्कालीन पार्टी अध्यक्ष मनमोहन अधिकारीलाई प्रधानमन्त्रीमा अगाडि सारेर जनमत लिएकै हो । मित्रराष्ट्र भारतमा भाजपाले नरेन्द्र मोदीको लोकप्रियतामा बाजी माऱ्यो । मुलुकका अर्को ठूलो दल एमालेसँग विकास निर्माणका केही बुँदाबाहेक यो चुनावमा मुद्दा छैन । वाम एकता र स्थिरताको नारा दिएर संसद्मा झन्डै दुई तिहाइ सिट पाएको नेकपा विभाजन र संसद् विघटनबारे एमालेसँग मतदाता स्पष्ट जवाफ चाहन्छ। विगतमा गरेका कमजोरी स्वीकार गरी त्यस्तो काम पुनः नगर्ने वाचासहित एमाले आओस् भन्ने मतदाताको चाहना छ। तर एमालेको घोषणापत्रले त्यो स्वीकार गरेन । बरु विभिन्न कुतर्कहरू दिएर पार्टी विभाजन र संसद् विघटनको दुस्प्रयासलाई उत्तम कदम बताएको छ। यसर्थ दलहरूको चुनावी घोषणापत्र जनचासोको विषयभन्दा पनि केवल कर्मकाण्डी र भ्रमजालको पुलिन्दा साबित हुँदै आएको छ। अनि त चुनाव सिद्धिएपछि घोषणापत्रको कहीं उल्लेख हुँदैन ।**

# उम्मेदवारको चाहना र मतदाताको मनस्थिति

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

> **यसै आधारमा अहिले कतै तीन र कतै चार उम्मेदवार चर्चामा छन्। मतदाता पनि बिस्तारै अनेक उम्मेदवारमध्ये यस्तै तीन वा चार उम्मेदवारको चर्चा सुनिरहेका छन्। अधिकांश उम्मेदवारको चाहना जित्ने हुन्छ तर मतदाताको मूड त धेरै कुरामा निर्भर रहन्छ।**

अहिलेको चुनावमा अनेकथरी उम्मेदवार देखिएका छन्। हुनत पहिले पनि यस्ता उम्मेदवार नदेखिएका होइनन्, तर कानूनीरूपमा उम्मेदवार बनेर अरूलाई सहयोग गर्न उम्मेदवार बनेको उदाहरण विगतमा पनि देखिएका छन्। गत स्थानीय तह निर्वाचनमा उम्मेदवारहरूको सूची लामै थियो तर आफ्नो विवरण बुझाउने बेला भयो तब धेरैले बुझाएनन्। आगामी छ वर्षसम्म उम्मेदवार बन्न नपाउने सूचना जारी भए पनि त्यसको बेवास्ता किन गरियो भने अहिलेको चुनावमा जसले उम्मेदवार बनाएको थियो, उनले चाहे मात्र फेरि उम्मेदवार हुने भनेपछि जरिवाना किन तिर्नु ? अर्को चुनावमा अर्को मानिसलाई उम्मेदवार बनाउन मिलिहाल्छ। यस्ता सहयोगी उम्मेदवारहरू अहिलेको चुनावमा पनि देखिएका छन्।

सहयोगी उम्मेदवार किन भनिएको हो भने अहिले चुनाव प्रचारमा एक साथ हिंडिरहेका छन् र आफ्नो चुनाव-चिह्न भएको झन्डा गाडीमा राखे पनि चुनाव प्रचारको क्रममा जसले उम्मेदवार बनाएको हो, उसैलाई भोट दिन भनिरहेका छन्।

चुनावमा गाडी तथा कार्यकर्ता परिचालन गर्न सजिलो हुने, कानूनले नरोक्ने हुँदा धेरैजना उम्मेदवार बन्ने वा बनाउने गरिएका छन्। त्यस्ता उम्मेदवार मतगणनामा पनि काम लाग्छ। अरूलाई सहयोग गर्न उम्मेदवार बन्नेहरूको चाहना आफू जित्नु होइन, अरूलाई हराउनु र आफ्नो मानिसलाई जिताउनु हो। आफ्नो लागि भोट माग्दैनन्, जसले उम्मेदवार बनाएको छ, तिनको आलोचना सुन्न सक्दैनन्। अन्य उम्मेदवारले राम्रो-नराम्रो जे भने पनि प्रतिकार गर्छन् । यसरी डमी उम्मेदवारको चाहना आफ्नो जो मूल उम्मेदवार हो, उसलाई जिताउनु वा चुनाव प्रचारको क्रममा आफ्नो मूल उम्मेदवारको चुनावमा देखिएका बाधा अडचन हटाउनु हो। सूचना सङ्कलन गरी यथारूप मुख्य उम्मेदवारलाई दिनु हो। सम्बन्धित उम्मेदवारको कमजोर पक्षको मूल्याङ्कन गर्नु र त्यसलाई सबल बनाउन भूमिका निर्वाह गर्नु हो। यस्ता निमित्त उम्मेदवार अहिले कम छैनन्। यस्ता उम्मेदवारको अर्को चाहना यो पनि हुन्छ कि प्रतिद्वन्द्वीको केही मत भए पनि काटेर आफ्नो उम्मेदवारलाई सहयोग गर्नु।

अरूलाई हराउन पनि कोही उम्मेदवार बनेका हुन्छन्। कसैलाई जसरी पनि हराउनु छ। आफू कहिल्यै जित्न सक्दिनँ भन्ने कुरो थाहा हुँदाहुँदै पनि, र सम्भव भए भोट काटेर हराउन सकिन्छ कि भनेर पनि कोही उम्मेदवार बनेका हुन्छन्। यस्ता उम्मेदवारहरूको चाहना कसैलाई हराउनु मात्र हुन्छ। कम्तीमा कुनै किसिमले बैर साध्नु वा राजनीतिक रूपमा म स्वीकार नगर्ने भूमिका हो।

कतिपय चाहिं आफूलाई चिनाउन उम्मेदवार बनेका हुन्छन्। धन छ, गाउँ समाजमा सम्मान पनि छ तर गाउँबाहेक अन्यत्र कसैले चिन्दैन। उम्मेदवार भएपछि आफ्नो नामको पोस्टर वा पम्पलेट जारी हुन्छ, ठाउँठाउँमा तुल र ब्यानर लगाइन्छ, उस्तै परे हरेक गाउँ र टोलमा कोणसभा हुन्छ, आफ्नो कुरा राख्न पाइन्छ। यसै गरी घरदैलो पुग्नु, आफ्ना कुरा मतदातासमक्ष राख्नु तथा मतदाताका कुरा सुन्नु पनि महत्त्वपूर्ण मान्छन्। यस्तो गतिविधिबाट कतिपय मानिसको निकटता पाइन्छ, धेरै मानिससँग चिनजान हुन्छ। चुनाव नजिते पनि यसरी मानिस कमाउनु र आफूलाई चर्चित बनाउनु कतिपय उम्मेदवारहरूको चाहना रहेको देखिन्छ।

अझ कतिपय यस्ता व्यक्ति पनि उम्मेदवार बनेका छन् जो सधैं राजनीति गरिरहेका छन्। कुनै निश्चित पार्टीमा रहेर, पार्टीलाई हरेक मोर्चामा सहयोग गरिरहेका मानिसले गठबन्धन वा अन्य कारणले टिकट पाएका छैनन्। पहिलेदेखि पार्टी उम्मेदवार मानिएका तथा पार्टीको उम्मेदवार बनेको घोषणा हुन मात्र बाँकी रहेको अवस्थामा गठबन्धन वा अन्य कुनै तत्कालीन कारणले अर्कै मानिस उम्मेदवार बन्न पुग्दा बिच्केका छन्। यसरी बिच्केकाहरू पनि पर्याप्त सङ्ख्यामा उम्मेदवार बनेका छन्। यसै कारणले पनि स्वतन्त्र उम्मेदवारको सङ्ख्या बढी हुन पुगेको हो। उम्मेदवार नहुँदै धेरै ठाउँमा उम्मेदवार हुँदैछु, सहयोग गर्नुपर्छ भनिसकेका हुन्छन्। उम्मेदवार नबन्दा षड्यन्त्र भएको बुझाइ पनि हुन्छ। यसरी रिस वा अस्तित्व प्रदर्शनका लागि पनि कतिपय मानिस उम्मेदवार बनेका छन्। यस्ता उम्मेदवारको चाहना आफ्नो राजनैतिक अस्तित्व जोगाउनु हो। चुनावमा जित्न नै भन्ने होइन।

यद्यपि सबै स्वतन्त्र उम्मेदवार पार्टीका विद्रोही वा बागी मात्र होइनन्। अहिले गठबन्धन वा अन्य ठूला हैसियत भएका उच्च राजनैतिक व्यक्तित्वलाई पनि यस्ता कतिपय स्वतन्त्र उम्मेदवारले टक्कर दिइरहेका छन्। जनप्रिय मानिसलाई उम्मेदवार नबनाएर कुनै अन्य कारणले गठबन्धनबाट पार्टीइतर व्यक्तिलाई उम्मेदवार बनाउँदा त्यस्ता स्वतन्त्र उम्मेदवार बलिया पनि देखिएका छन्। अन्यत्र के भइरहेको छ, भन्न नसके पनि रौतहटको एउटा निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारहरूबीच नै टक्कर हुने देखिएको छ। कुनै दलको कुनै उम्मेदवारले चमत्कार देखाउन सके मात्र प्रतिस्पर्धामा आउने अवस्था देखिएको छ।

सिद्धान्तले के भन्दछ भने लोकतन्त्रमा व्यक्तिलाई अगाडि सारेर दलले चुनाव लड्ने हो। दलका नीति तथा कार्यक्रम र घोषणापत्र जनताले अनुमोदन गर्ने हो र तिनले प्रतिनिधि पठाउने हो। तर अहिलेको अवस्थामा चुनाव खर्चिलो भएको छ। जातको कुरोले पनि चुनावमा प्रभाव पारिरहेको सबैतिर सुनिन्छ। साथै दलहरूले पनि विगतमा गरेका घोषणा अनुसार काम नगरेको आरोप छ। चुनावमा उम्मेदवार हुने व्यक्ति र तिनको राजनीतिक दलले पनि प्रभाव पार्ने गरेको यथार्थ बिर्सन सकिन्न। यसरी विभिन्न किसिमका विशिष्ट परिवेशका कारण एउटै दल, एकै निर्वाचन क्षेत्रको कुनै गाउँमा बलियो र कुनै गाउँमा कमजोर हुन पुगेको छ।

आखिरमा जनता नै सबैथोक हो चुनावमा। चुनाव जिताउने काम जनताले नै गर्दछ। निर्वाचन भनेको जनताले आफ्नो प्रतिनिधि चुन्ने हो। अठार वर्ष मुनिका मानिसले मतदान गर्न नपाए पनि मतदातालाई सहयोग गरेर आफ्नो प्रतिनिधि चयन गरेको मानिन्छ। अथवा सबै मतको बहुमत जता अभिव्यक्त भएको हुन्छ, त्यसलाई नै स्वीकार गर्नुपर्ने हुन्छ। लोकतन्त्रमा चुनाव सफल बनाउन युवा तथा किशोर र विद्यार्थीले मत नदिए पनि अन्य किसिमले सहयोग गरिरहेका हुन्छन्। सबैको सकारात्मक सहयोगले नै अत्यधिक मात्रामा मतदाताले चुनावमा सहभागिता जनाउन सक्छन् तथा आफ्नो मताधिकारको सही उपयोग गर्न सक्छन्। मतदाताले जसलाई आफ्नो मत सङ्केत गर्दछ, उही निर्वाचित हुन्छ। निर्वाचन स्वच्छ र स्वतन्त्र हुनुपर्छ, शान्त वातावरणमा मतदाताले निर्भय भएर आफ्नो अभिमत जाहेर गर्न पाउनुपर्छ भन्ने चाहना सबैको हो र वर्तमान मतदाताले पनि यही चाहेका छन् कि आफ्नो मतको सदुपयोग होस्।

अहिलेसम्म मतदाता कतै ढल्केको देखिएका छैनन्। मतदाताको मूड बुझ्न अहिल्यै हतार हुन्छ। यद्यपि चुनावलाई क्रिकेटको खेलसित पनि तुलना गरिन्छ। अन्तिम ओभरमा पनि क्रिकेटमा कुनै चमत्कार हुन सक्छ। त्यसरी नै चुनावमा अन्तिम समयमा पनि मतदाताको मूड बदलिन सक्छ। तर अहिले नै फलानो करीब जितिसक्यो वा जितको नजीक छ भन्न मुश्किल छ। चुनावमा मतदाता सर्वोपरि हुने र मतदाता परिचालन गर्ने तत्त्वको आधारमा नै मिडिया वा मिडियाकर्मीले विश्लेषण गर्ने हो कि फलानो-फलानो उम्मेदवारबीच प्रतिस्पर्धा भइरहेको छ। यसरी मुख्य प्रतिस्पर्धामा जानु भनेको चर्चामा आउनु हो। जब कोही उम्मेदवार एक गाउँ, चोक वा ठाउँबाट अर्को गाउँ, चोक वा ठाउँको चियापसल, विद्यालय, बजार, पान पसल, खाजा पसल तथा बैठकीहरूमा चर्चा पाउन थाल्छ तब ऊ प्रतिस्पर्धामा रहेको बुझिन्छ। यसै आधारमा अहिले कतै तीन र कतै चार उम्मेदवार चर्चामा छन्। मतदाता पनि बिस्तारै अनेक उम्मेदवारमध्ये यस्तै तीन वा चार उम्मेदवारको चर्चा सुनिरहेका छन्। अधिकांश उम्मेदवारको चाहना जित्ने हुन्छ तर मतदाताको मूड त धेरै कुरामा निर्भर रहन्छ।

# के चुनाव आएकै हो ?

मन्तव्य



राकेश अधिकारी

> **यदि हामीमाझ सही अर्थमा चुनाव आएको हो भने हामीले जससँग राम्रो उद्देश्य छ, सामाजिक र आर्थिक उन्नतिको ठोस खाका छ, त्यस्तालाई आफ्नो मत दिनुपर्दछ। देशलाई पुनः खाडलमा जान दिनबाट बचाउन सक्नुपर्दछ किनकि हाम्रो जस्तो देशले धेरै चुनावको भार सहन सक्दैन।**

मुख्य चाडपर्वहरू सकिए पनि अर्को चाड आउन थालेको छ। त्यो हो प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव। पाटी, पौवा, चौतारा, हाटबजारदेखि चियापसलमा चुनावी चर्चा परिचर्चा भइरहेका छन्। जनताले महँगीका कारण सकेसम्म विधि पूरा गरी चाडपर्व मनाएको छ भने अर्कोतिर नेताहरू चुनावको प्रचारप्रसारमा चाडपर्व नभनी लागिपरेका छन्। त्यसैले चुनाव साँच्चिकै आएकै हो त ?

चुनाव कसका लागि आएको हो त ? नेताहरूलाई वा जनतालाई जो अहोरात्र खटिरहेको भएपनि आफ्नो परिवारको पालनपोषण गर्न सकिरहेको छैन। पक्कै पनि चुनाव नेताहरूको लागि मात्र आएको देखिन्छ। नेताहरू पाँच वर्षे नवीकरणको लागि जनताकहाँ धाइरहेका देखिन्छन्। चुनावको लागि मत माग्न आउँदा न उनीहरूसँग कुनै प्रस्ट आर्थिक, सामाजिक विकासका स्पष्ट खाका देखिन्छ, न त उनीहरूले विश्वासका साथ गएको पाँच वर्षमा गरेका कामको व्याख्या गर्न सकेका छन्। मानौं, सबैलाई पद र प्रतिष्ठा नै चाहिएको छ। त्यसैले टिकट नपाएको झोंकमा पार्टी परिवर्तन गरी वा स्वतन्त्र उम्मेदवार भएका छन्। आजको समयमा पनि कतिपयले जनतालाई सस्तोमा तौलिरहेका छन्, जनतालाई पैसा दिएपछि त मत पनि हाम्रै हुन जान्छ र हामीले सजिलैसँग जीत हासिल गर्न सक्छौं तथा पाँच वर्षसम्म जनतामाथि शासन गर्छौं भन्ने सोचमा छन्।

यदि हामीमाझ सही अर्थमा चुनाव आएको हो भने हामीले जससँग राम्रो उद्देश्य छ, सामाजिक र आर्थिक उन्नतिको ठोस खाका छ, त्यस्तालाई आफ्नो मत दिनुपर्दछ। देशलाई पुनः खाडलमा जान दिनबाट बचाउन सक्नुपर्दछ किनकि हाम्रो जस्तो देशले धेरै चुनावको भार सहन सक्दैन। सरकारी तथ्याङ्क अनुसार चुनावमा रु ३४ अर्ब खर्च हुन्छ। यो सरकारी खर्च मात्र हो, अन्य उम्मेदवारहरूको पनि जोड्ने हो भने यो ५० अर्बभन्दा माथि हुन जान्छ। तसर्थ हामीले हाम्रालाई होइन राम्रालाई आफनो अमूल्य मत दिनुपर्दछ। अन्यथा भविष्यमा दुःखको बाटोमा हिंड्नुपर्नेछ। हरेक सूचकाङ्क तलतिर जाने हुन्छ र सन्ततिले हामीलाई कालान्तरमा धिक्कार्नेछन्।

# छापामारी गर्न पुगेका प्रहरीमाथि स्थानीयद्वारा आक्रमण

प्रस, रक्सौल, १६ कात्तिक/

रामगढवा थाना अन्तर्गत रघुनाथपुर गाउँमा प्रहरीमाथि स्थानीयले आक्रमण गरेका छन्। मदिरा निषेध रहेको बिहार राज्यमा गोप्य सूचनाको आधारमा प्रहरी उक्त गाउँमा मदिरा बरामद गर्न छापामारी गर्न पुगेको थियो। हिजो मङ्गलवार प्रहरी टोली सादा पोशाकमा पुगेपछि गाउँमा रहेको भुजापसलमा मदिरा बिक्री हुने गरेको जानकारीको आधारमा छापामारी गरेको थियो।

तर छापामारीमा मदिरा बरामद हुन नसकेपछि स्थानीय आक्रोशित भएका थिए र प्रहरीमाथि आक्रमण गर्न पुगेका थिए।

प्रहरीमाथि लाठी प्रहार गर्दा जमदार नौशाद आलम, जवान हरि यादव र चौकीदार नवल यादव सामान्य घाइते भएका छन्।

यता प्रहरीबाट प्राप्त सूचनाको आधारमा छापामारीमा ठूलो मात्रामा नेपाली कस्तूरी मदिरा व देशी मदिरा बरामद भएको थियो। यसबाट आक्रोशित भएर पसले हरेश पटेल र उनका सहयोगीले अकस्मात् प्रहरीमाथि हमला गरेका थिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# निर्वाचन प्रचार अन्तर्गत जुलुस, आमसभा र कोणसभा गर्ने चरण बिहीवारदेखि

काठमाडौं, १६ कात्तिक/रासस

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले कात्तिक १७ गतेदेखि दल र उम्मेदवारले जुलुस, आमसभा र कोणसभा गर्न पाउने निर्वाचन प्रचारप्रसारको दोस्रो चरणमा प्रवेश हुने भएकाले सो चरणमा निर्वाचनको निष्ठालाई जोगाएर आचारसंहिताको पालना गर्न दल र उम्मेदवारलाई आग्रह गरेका छन् ।

मङ्सिर ४ गते हुने निर्वाचन प्रचारप्रसारको दोस्रो चरणमा प्रवेशको अघिल्लो दिन आज आयोगले आयोजना गरेको पत्रकार सम्मेलनमा प्रमुख आयुक्त थपलियाले आचारसंहिता उल्लङ्घनका विषयमा परेका उजूरीका आधारमा हालसम्म ७१ व्यक्ति र संस्थालाई सोधिएको स्पष्टीकरणमा जवाफ आउने, तथ्य जुटाउने र अध्ययनको क्रम जारी रहेको बताए ।

आयोगका निर्णय र कारबाईबारे अदालतमा मुद्दा जाँदा पनि आयोगको निर्णय सदर हुने गरी आयोगले सोचिरहेको उनले स्पष्ट गरे । "आचारसंहिता आफैंमा एक नैतिक र कानूनी बन्धन हो । यो बन्धन दल, उम्मेदवार, अन्य पक्षले नचुँडाल्ने हो भने आयोग र राज्यका संयन्त्रले कारबाईका लागि कुनै काम गरिरहनुपर्दैन," प्रमुख आयुक्त थपलियाले भने, "पहिलो स्पष्टीकरण चित्त नबुझेमा दोस्रो स्पष्टीकरण सोध्ने र उल्लङ्घनको प्रमाण र अवस्था हेरेर सचेत, दण्ड जरिवाना तथा उम्मेदवारी खारेजीसम्मको निर्णयमा जानुपर्ने हुन्छ । हालसम्म चलेका स्पष्टीकरणबारे हामी यही कात्तिक २५ गतेभित्रै निर्णयमा पुग्नेछौं ।"

उनले निर्वाचनमा सबै पक्षको सहभागिता हुने आयोगको अपेक्षा रहेको र निर्वाचन बिथोल्न हुन सक्ने गतिविधि नियन्त्रणका लागि सुरक्षा निकायसँग आवश्यक समन्वय भइरहेको जनाउँदै मतगणनास्थलमा तारजाली राख्नुपर्ने अवस्था लोकतन्त्रका लागि सुखद नभएकाले त्यस्तो दुरवस्थाबाट माथि उठ्न आग्रह गरे ।

प्रमुख आयुक्त थपलियाले मतदानका दिन सवारीसाधनको व्यवस्थित र नियन्त्रित सञ्चालनबारे सम्बन्धित निकायका प्रतिनिधिसहितको कार्यदलले काम गरिरहेको जानकारी दिए भने दल र उम्मेदवारले तोकिएको मापदण्डका आधारमा पत्रपत्रिकाका साथै अनलाइन सञ्चारमाध्यममा पनि विज्ञापनबाट प्रचारप्रसार गर्न सक्ने स्पष्ट गरे ।

आयोगले उम्मेदवार तथा राजनीतिक दलले आचारसंहिताको पालना र तोकेको सीमाभित्र रही खर्च गरे नगरेको निगरानी गरी निर्वाचन आचारसंहिता, २०७९ को दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई जिम्मेवारी दिइएको छ ।

निर्वाचन आचारसंहिता, २०७९ ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले आयोगको सहमतिमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी साधनको प्रयोग भए नभएको विषयमा आवश्यक निगरानीको व्यवस्था मिलाइएको छ ।

आचारसंहिताबमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीका लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैं वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेश गर्नुपर्नेछ ।

खर्चको हिसाबकिताब आयोगले तोकेको ढाँचा र लेखाप्रणाली अनुसार राख्नुपर्ने र राजनीतिक दलको तर्फबाट हुने निर्वाचनसम्बन्धी स्वेच्छिक आर्थिक सहयोग लिंदा तथा खर्च गर्दा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ बमोजिम गर्नुपर्नेछ । राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको नाम नामेसीसहितको विवरण १० दिनभित्र आयोगमा पठाउनुपर्नेछ ।

निर्वाचन आचारसंहिता, २०७९ मा आयोगले सामाजिक सञ्जालमा दल, उम्मेदवार र आम मतदाताले राजनीतिक विज्ञापन गर्न पाउने र प्रचारप्रसारका लागि उपयोग गर्न पाउने व्यवस्था गरेको छ । निर्वाचनका समयमा कुनै पनि दल वा उम्मेदवारविरुद्ध तथा निर्वाचनलाई प्रतिकूल असर पार्ने उद्देश्यले सामाजिक सञ्जाल तथा अनलाइन माध्यमबाट एवं सङ्गठितरूपमा निहित राजनीतिक स्वार्थका लागि फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिमार्फत अभिव्यक्ति स्वतन्त्रतामाथि हस्तक्षेप नगर्न सजग तुल्याइएको छ ।

सङ्गठितरूपमा निहित राजनीतिक उद्देश्यले फैलाइने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिले निर्वाचनमा पर्न सक्ने चुनौतीलाई मध्यनजर गर्दै सामाजिक सञ्जाल नियमनका लागि सम्बन्धित सामाजिक सञ्जालका कम्पनीसँग पनि आयोगले सहकार्य गर्दै आएको छ ।

नागरिकको अभिव्यक्ति स्वतन्त्रता र मतदाताको सुसूचित हुन पाउने अधिकार निर्बाधरूपमा प्रयोग गर्नका लागि गरिएको यस्तो कार्यलाई गलत अर्थमा नबुझी नियमन गर्ने कार्यलाई सहजीकरण गर्न र निर्वाचनको निष्ठा जोगाउन सबैलाई आह्वान गरिएको छ ।

राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गरे नगरेको अनुगमन गर्न आयोगले केन्द्रमा केन्द्रीय आचारसंहिता अनुगमन समिति तथा जिल्लामा जिल्लास्तरीय अनुगमन समितिलाई क्रियाशील तुल्याइ आचारसंहिता कार्यान्वयन भए/नभएको अनुगमन गर्ने अनुगमनकर्ताले आचारसंहिता उल्लङ्घन गरेको ठहर गरेमा सम्बन्धित स्थानमा नै कारबाई गर्न सक्ने अधिकार प्रत्यायोजन गरिएको छ ।

आचारसंहिता लागू भएको मिति २०७९ असोज १२ देखि आजसम्म आचारसंहिता उल्लङ्घन गर्ने ७१ व्यक्ति/संस्थालाई आयोगबाट स्पष्टीकरण सोधिएको छ । प्राप्त स्पष्टीकरण उपर छानबीन र जाँझबुझ गरी आवश्यक कारबाई प्रक्रिया अघि बढाइएको छ ।

निर्वाचन (कसूर तथा सजाय) ऐन २०७३ ले निषेध गरेका शान्ति भङ्ग गर्न नहुने, अनधिकृत प्रभावमा पार्न नहुने, नगद वा जिन्सी लिन दिन नहुने, चरित्र हनन गर्न नहुने, अनुचित ढङ्गले सवारीसाधनको प्रयोग गर्न नहुने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने, अन्य व्यक्तिबाट खर्च गराउन नहुने, निर्वाचनको गोपनीयतालाई भङ्ग गर्न नहुनेलगायत ऐनमा भएका व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

तस्वीरः रासस




## निर्वाचनको प्रचारमा सरकारी साधन प्रयोग गर्न रोक

नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले त्यसरी निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न निर्वाचन (पहिलो संशोधन) आचारसंहिता, २०७९ ले रोक लगाएको छ ।

आगामी मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढङ्गले सम्पन्न गराउन निर्वाचन आयोगबाट जारी आचारसंहिताको दफा ५ को खण्ड (क) ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले निर्वाचन प्रचारप्रसारका क्रममा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको छ ।

संशोधित आचारसंहिता बमोजिम निर्वाचनमा आफैं उम्मेदवार भएका मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुन सक्नेछन् । त्यसरी प्रचारप्रसार गर्दा सरकारी साधन स्रोतको प्रयोग गर्न भने आचारसंहिताले रोक लगाएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

ती व्यवस्थाको पालना गर्न तथा गर्न लगाउन निर्वाचन आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सरकारका मन्त्रीहरूलाई तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेश सरकारका मन्त्रीलाई निर्देशन दिइसकेको छ । आचारसंहितामा नेपाल सरकारका मन्त्रीले आयोगको सहमति लिई त्यसरी सहमति लिएको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन र प्रदेश सरकारका मन्त्रीले प्रदेश निर्वाचन कार्यालयमार्फत वा सोझै आयोगको सहमति लिई त्यसरी सहमति लिएको सम्बन्धित प्रदेशभित्रको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्ने व्यवस्था रहेको छ ।

स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तहबाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछन् ।



**सामाचकेवा बिक्री गरिंदै** : महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा सामाचकेवा बिक्री गरिंदै । मिथिलामा छठपछि अब सामाचकेवा पर्व जारी रहेको छ भने यसमा दिदीबहिनीले माटोबाट बनाइएको सामाचकेवा किनेर खेल्ने चलन छ । तस्वीरः रासस

# जसपा–एमाले पार्टी कार्यालय सञ्चालन

प्रस, वीरगंज, १६ कात्तिक/

तस्वीरः सौजन्य



प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरेर बाराको प्रसौनी गाउँपालिकामा एमाले–जसपा गठबन्धनको संयुक्त पार्टी कार्यालय सञ्चालनमा आएको छ ।

प्रतिनिधिसभाका उम्मेदवार रामएकबाल मियाँ र क्षेत्र नं ४ (२) बाट प्रदेशसभाका उम्मेदवार आत्माराम साहले बिहीवार संयुक्तरूपमा पार्टी कार्यालयको उद्घाटन गरेका हुन् । सो अवसरमा उनीहरूले देशलाई राजनीतिक निकास दिन र विकासको लागि जसपा–एमाले गठबन्धनका उम्मेदवारलाई मत दिन आग्रह गरे ।

कार्यक्रममा नेपाल बार एशोसिएशनका पूर्व केन्द्रीय उपाध्यक्ष रामचन्द्र सिंह, जसपाका सञ्जु साह, अजय पटेल, एमालेका मोबिल आलम, रामएकबाल साह, सोचन यादव, हरिनारायण साह, नन्दलाल रामलगायतको सहभागिता थियो ।

# भारतद्वारा नेपाललाई दुई सय सवारीसाधन सहयोग

प्रस, वीरगंज, १६ कात्तिक/

तस्वीरः सौजन्य




भारत सरकारले नेपालमा हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरेर दुई सयवटा सवारीसाधन उपहार दिएको छ ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले मङ्गलवार एक कार्यक्रमबीच सो सवारीसाधन अर्थमन्त्री जनार्दन शर्मालाई हस्तान्तरण गरेका थिए । सो अवसरमा भारतीय राजदूत श्रीवास्तवले नेपालका विभिन्न संस्थालाई आसन्न निर्वाचनका लागि आवश्यक प्रबन्धलाई व्यवस्थित गर्न उपहार दिएको सवारीसाधन लाभदायक हुने विश्वास व्यक्त गरे । उनले उपलब्ध सवारीसाधनमध्ये १२० वटा सुरक्षा निकाय र ८० वटा निर्वाचन आयोगले प्रयोग गर्ने गरी उपलब्ध गराएको जानकारी गराएका थिए ।

राजदूत श्रीवास्तवले अहिलेसम्म नेपाली सुरक्षाकर्मीमध्ये प्रहरी र सशस्त्र प्रहरीलाई दुई हजार थान, नेपाली सेना र निर्वाचन आयोगलाई ४०० सवारीसाधन गरी दुई हजार ४०० सवारीसाधन उपलब्ध गराइसकेको जानकारी गराए ।

कार्यक्रममा अर्थमन्त्री शर्माले विकास साझेदारीको रूपमा नेपाललाई निरन्तर सहयोग गरेकामा भारत सरकारप्रति आभार प्रकट गरे ।

# कैलालीमा पनि देखियो अफ्रिकन स्वाइन फिभर

सुदूरपश्चिम, १६ कात्तिक/रासस

बङ्गुर र सुङ्गुरमा फैलिन थालेको 'अफ्रिकन स्वाइन फिभर' रोग कैलाली जिल्लामा पनि देखिएको छ । पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, धनगढीमा बुधवार आयोजित कार्यक्रममा कार्यालय प्रमुख डा नरेशप्रसाद जोशीले भजनी नगरपालिका–३ को बडिमालिका कृषि प्रवर्द्धन केन्द्र प्रालिको फार्ममा पालिएको बङ्गुर मरेपछि गरिएको परीक्षणबाट अफ्रिकन स्वाइन फिभर पोजिटिभ पुष्टि भएको जानकारी दिए ।

"कार्यालयमा मरेको बङ्गुरको शव परीक्षण र र्‍यापिड टेस्ट कीटबाट अफ्रिकन स्वाइन फिभर पोजिटिभ भएको पुष्टि भएको छ," उनले भने, "त्यसपछि थप परीक्षणका लागि नमूना सङ्कलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला पठाइँदा हिजो मात्रै अफ्रिकन स्वाइन फिभरको थप पुष्टि भएको हो ।"

यो रोगको सङ्क्रमणपछि सुङ्गुर तथा बङ्गुरमा उच्च ज्वरो आउने, कान, पुच्छर, पेटको तल्लो भागको छाला रातो हुने, शरीरमा नीलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छटपटाउने, चाल धरमराउने, तुहिनेजस्ता लक्षण भई बथानमा एकसाथ ठूलो सङ्ख्यामा सुङ्गुर, बङ्गुर तथा बँदेल मर्ने गरेको बताइएको छ ।

यो रोग खासगरी रोगी बङ्गुर तथा त्यसका पाठापाठी वा मासु, रोगी पशुको सम्पर्कमा आएका वस्तु एक स्थानबाट अर्को स्थानमा लैजाँदा सजिलै सर्ने हुँदा रोग छिटो फैलिन सक्ने बताइएको छ । यो रोगविरुद्ध हालसम्म कुनै खोपको उत्पादन नभई प्रभावकारी उपचारको व्यवस्थासमेत नभएको अवस्थामा सङ्क्रमण फैलिएमा एकसाथ ठूलो सङ्ख्यामा बङ्गुर तथा सुङ्गुर मर्न गई ठूलो क्षति पुग्न सक्ने पशु चिकित्सकले बताएका छन् । यो रोग पशुपन्छीबाट मान्छेमा नसर्ने बताइएको छ ।

पशु रोग अन्वेषण प्रयोगशाला धनगढीले बङ्गुर तथा सुङ्गुरपालन व्यवसायीलाई खोर र फार्ममा जैविक सुरक्षाका विधिको अवलम्बन गर्न, खोरलाई नियमितरूपमा सरसफाइ गरी चुना, ब्लिचिङ पाउडर, फर्मालिनजस्ता रसायन तथा सामग्रीको प्रयोग गरी निस्सङ्क्रमण गर्न ध्यान दिनुपर्ने सल्लाह दिएको छ ।

यसैगरी, रोगको शङ्का लागेका पशुलाई बथानबाट छुटट्याएर अलग्गै राख्न, तिनको नमूना प्रयोगशालामा पठाउन र रोग प्रमाणित भएमा सो खोरमा रहेका पशुलाई नष्ट गर्न, मरेको पशुलाई खाडलमा गाड्नसमेत सल्लाह दिइएको छ । कार्यक्रममा पशुपन्छी विकास निर्देशनालयका निर्देशक डा वसन्तबहादुर सिंह, पशु चिकित्सक डा हेमराज अवस्थीलगायतले रोगको

(बाँकी अन्तिम पातामा)

# पाँच वर्षसम्म नपुगेको मुसहर बस्तीमा पुग्न थाले नेता

जलेश्वर, १६ कात्तिक/रासस

गाउँघरमा पाँच वर्षपछि नेता देख्दा महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिकाको–३ खैरा गाउँको मुसहरबस्तीका बासिन्दा छक्क पर्न थालेका छन् । नेताहरूको बाक्लो उपस्थितिले उनीहरूलाई निर्वाचन आएको आभास हुन थालेको छ । “विसं २०७४ को निर्वाचनमा आफूले मत दिएपछि पहिलोपटक नेताहरूलाई आफ्नो गाउँघरमा देख्दा नेताहरूलाई हाम्रो मत चाहिने बेला भएछ भन्ने थाहा भयो,” बस्तीका अगुवा मुसहर अमृत सदा भन्छन्, “विगत पाँच वर्षमा एकपटक पनि नेता नपुगेको अहिले दिनरात नेता पुग्न थालेका छन् । हामी चाहिने भनेकै उहाँहरूलाई चुनावको बेला त हो नि ।”

उनका अनुसार सधैं बेलुका ७/८ बजे सुतिसक्ने मुसहरबस्ती अहिले प्रत्येक दिन राति १/२ बजेसम्म जाग्राम बस्छन् । प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको समय नजीकिँदै गएसँगै अहिले देशभरिका प्रत्येक गाउँघरमा नेता, कार्यकर्ताको दौडधूप शुरू भएको छ । अघिल्लो निर्वाचनमा सो बस्तीमा पुगेका नेताहरूले आफू जितेपछि मुसहर समुदायको लागि दर्जनौं योजना तथा कार्यक्रम ल्याउने आश्वासन बाँडेर चुनाव जिते तर ती नेताहरू मुसहरबस्तीमा एक दिन पनि पुग्न सकेका छैनन् । अहिले मुसहरबस्तीका मतदाता नेताको ‘रङ फेरियो, बस्ती फेरिएन’ भनेर दुःख व्यक्त गर्दछन् । “सबै चुनावमा लालपुर्जा बन्ने आसले नेतालाई मत दिन्छु तर अहिलेसम्म कुनै पनि नेताले मुसहरको लालपुर्जा बनाइदिएनन्,” अगुवा मुसहर अमृतले थपे । महोत्तरीको सदरमुकाम जलेश्वर बजारबाट मात्रै एक किलोमिटर दूरीमा रहेको खैरा गाउँका मुसहर समुदाय कुनै नेतालाई भेट्न जाँदा नेताहरू बेवास्ता गर्ने गरेको, कसैको कुरा सुन्न तयार नहुने गरेको र कुनै कामकाजसमेत नगरिदिने गरेको उनीहरूको गुनासो छ । “मुसहरलाई आपत्विपत् पर्दा पनि जनप्रतिनिधिलाई बस्तीमा बोलाउँदा आउँदैनथे । फोन गर्दा उठाउँदैनथे र समस्या सुनाउँदा पन्छिन्थे,” बस्तीका ६० वर्षीया मुसहर महिला तेतरी सदाले दुःखेसो सुनाइन् ।

निर्वाचन नजीकिएसँगै त्यही बस्तीमा अहिले नियमित नेताको भीड लाग्छ । “चुनावको मिति तय भएयता दिनहुँजसो नेता, कार्यकर्ता यसपटकको निर्वाचनमा मुसहरको मत पाएर आफूले जितेपछि यहाँ विकासको लहर ल्याउने आश्वासन बाँड्न शुरू गरेका छन् । मुसहर मतदातालाई अहिले नेताको भाषण सुन्न भ्याइनभ्याइ छ,” बस्तीका अर्का ७० वर्षीया महिला सिलिया सदाले बताइन् । जलेश्वर नगरपालिका–३ खैरा गाउँमा करीब ९० घर मुसहर समुदायको बस्ती छ । उनीहरूका लागि न त शौचालयको व्यवस्था छ, न त खानेपानी पाइपकै सहजता छ । सिङ्गो बस्तीमा एक थान मात्रै खानेपानी पाइप (ह्यान्डपाइप) छ भने प्रत्येक ८/१० घरमा एउटा शौचालय रहेको स्थानीयवासी सुकमरिया सदाले भावुक हुँदै बताइन् ।

उनका अनुसार नेताहरूले सो बस्तीमा विकास गरिदिने आश्वासन बाँडेर प्रत्येक चुनावमा आफूहरू नेताको भाषण सुन्न



जाने गरेको र भरोसा गरेर मत पनि दिने गरेका छन् । बस्तीमा खानेपानी, नाला र सडक बनाउनुपर्ने वर्षौंदेखिको माग अहिले पनि यथावत् नै छ । “सबै चुनावमा घर बनाइदिन्छु, खानेपानी पाइप, विद्यालय, नालालगायतका विकासको काम गरिदिने आसले नेतालाई मत दिन्छु,” स्थानीय लड्डु सदाले बताए । भारतीय सीमासँग जोडिएको यो जलेश्वर नगरपालिका महोत्तरी जिल्लाको सबैभन्दा गहिरो ठाउँ हो । वर्षाको बेला घर–घरमा पानी पस्छ । मुसहरबस्ती ऐलानी जमीनमा छ । नब्बे घरधुरी रहेको यो बस्तीमा करीब १५० जनालाई नागरिकतासमेत छैन भने उनीहरू पुस्तौंदेखि यहीं बस्दै आएका छन् । बुबाको नागरिकता नभएकै कारण छोराछोरीकोसमेत जन्मदर्ता नबन्दा यस बस्तीका अधिकांश बालबालिका विद्यालयको मुखसमेत देख्न पाएका छैनन् ।

यस बस्तीका मुसहरले गत चुनावमा नागरिकता बनाइदिने, जन्मदर्ता बनाइदिने, वर्षाको पानी व्यवस्थापन गरिदिने, खानेपानी, सडक र सबै ऐलानी जमीनको लालपुर्जा बनाइदिनुपर्ने माग राखेका थिए । तर त्यस्ता वाचा, बन्धनको पनि पाँच वर्ष बितिसक्यो तर अहिलेसम्म पनि यो बस्तीमा केही हुन सकेको छैन । अझै पनि दर्जनौं व्यक्ति नागरिकताविहीन, दर्जनौं बालबालिका जन्मदर्ताविहीन र बस्तीमा सडक, विद्यालय, खानेपानी, नाला निर्माणको काम पनि बाँकी नै रहेका छन् । स्थानीय अर्जुन सदा भन्छन्, “बस्तीमा मात्र एउटा चापाकल (खानेपानी पाइप) हुँदा गर्मीमा पानीको हाहाकार हुन्छ । नाला नबन्दा वर्षात्मा उनीहरूको घर डुब्छ । लालपुर्जा नहुँदा घरवारविहीन हुने चिन्ता छ । हरेक निर्वाचनमा उनीहरूले यी माग अघि सार्छन् र बढी आश्वासन दिने नेतालाई मत दिन्छन् । उनीहरूका माग अहिलेसम्म पूरा भएका छैनन् ।”

खैरा गाउँभरि बिजुली बत्ती पुगे पनि गाउँमैं रहेको मुसहरबस्ती वर्षौंदेखि अँध्यारो रहेको छ । गरीबी र विपन्नताले गर्दा कतिले बिजुली बत्ती जडान नै गर्न सकेका छैनन् भने एक/दुईजनाले जडान गर्न चाहे पनि बसोबास गर्दै आएको जग्गाको लालपुर्जा नहुँदा मिटर नपाएको उनीहरूको गुनासो छ । गाउँमा बिजुली बत्ती त छ तर विद्युत् कार्यालयले लालपुर्जा नभएकालाई मिटर दिन मानेको छैन । स्थानीय सिरिया सदा भन्छन्, “मुसहरबस्ती अझै उस्तै छ । यहाँका सबैजना अभावमा बाँचिरहेका छन् । यो बस्तीमा नेता चुनावको बेलामा मात्रै आउँछन् । मत पाएपछि नेताको रङ फेरिन्छ तर बस्तीको रङ फेरिंदैन ।” निर्वाचनमा नेता परिवर्तन भएपनि आफूहरूको बस्तीमा परिवर्तन हुन नसकेको उनको गुनासो छ । प्रत्येक निर्वाचनमा नेताले झूटो आश्वासन दिएर बस्तीको मत लिने गरेको सिरियाले थप्छन् । “नेपाल सरकारले बडो धूमधामका साथ देशलाई खुला दिशामुक्त घोषणासमेत गरिसकेको अवस्थामा यस बस्तीमा शौचालय नहुँदा खुला ठाउँमा शौच गर्नुपर्ने बाध्यता छ । सबै नेताले बस्तीमा सार्वजनिक शौचालय बनाइदिने आश्वासन दिए पनि कसैले पूरा नगरेको” स्थानीयवासी बिरु सदाको गुनासो छ । यहाँका अधिकांश बासिन्दा जमीनदारको जमीन बटैया अर्थात अधियाँमा खेती गर्छन् । वर्षाको बेला खेत डुबानमा पर्छ भने वर्षा नभएको बेला खडेरी लागेर बाली नष्ट हुन्छ । त्यसको व्यवस्थापन नेताले गरिदिंदैनन् । गरीबको भोको पेट भर्न कहिले कुनै पहल गरिंदैन । मत माग्ने बेला त के के न गर्छु भन्दै आउने दर्जनौं नेता फेरि जितेर गएपछि कता हराउँछन् ?’ स्थानीयवासी विमलेश सदा प्रश्न गर्छन् । महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–३ मा पर्ने सो बस्ती जिल्लाको सङ्घीय निर्वाचन क्षेत्र नं ३ मा पर्दछ भने २०७४ को निर्वाचनमा यस क्षेत्रबाट सङ्घीय सांसदमा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर निर्वाचित भएका थिए भने मधेस प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं ३ ‘ख’ अन्तर्गत पर्ने यस क्षेत्रबाट मधेस प्रदेशसभा सदस्यमा रानीकुमारी तिवारी निर्वाचित भएकी थिइन् ।

वर्षौंदेखि मुसहरहरूको समस्याका आलो घाउ अझै आलै रहेको छ । उनीहरूको समस्या अझै जस्ताको त्यस्तै रहेका छन् । सधैं गाँस, बास र कपासको समस्यामा जेलिएका सो बस्तीका मुसहर अझै पनि तिनै समस्यामा जेलिएका छन् । वर्षौंदेखि गरीबी, विपन्नता र समस्यासँग जुझ्दै गरेका सो बस्तीका मुसहरका लागि न वडाध्यक्ष न नगरप्रमुख न प्रदेश सांसद न सङ्घीय सांसदसमेतले अहिलेसम्म केही नगरिदिएको मुसहरहरूको सामूहिक गुनासो छ । अहिले मत माग्न बिहान, बेलुका र राति अबेरसम्म पनि थुप्रै नेता पुग्ने सो मुसहरबस्तीका ८५ जना बालबालिका जनप्रतिनिधिकै कारण जन्मदर्ताविहीन रहेको स्थानीय मुसहरहरू आरोप लगाउँछन् । गरीबी र विपन्नताले जरो गाडेर बसेको सो गाउँको दलित मुसहरबस्तीमा बसोबास गर्ने अधिकांश परिवारका ८५ जना बालबालिका जन्मदर्ताविहीन रहेको सम्बन्धमा उनीहरूले पटक–पटक वडा कार्यालय, नगरपालिकाको कार्यालय र आफ्ना प्रदेश तथा सङ्घीय सांसदसमेतलाई जानकारी गराए पनि कतैबाट कुनै सहयोग नपाएको स्थानीय बिरजु सदाले दुःखेसो सुनाउँदै उनीहरूले वास्ता नगरिएकै कारण अहिले आफ्नो बस्तीका बालबालिका जन्मदर्ताविहीन रहेको बताए ।

कस्तो विडम्बना, जिल्लाको सदरमुकाममैं पर्ने खैराको मुसहरबस्तीका दर्जनौं बालबालिका जन्मदर्ताविहीन हुँदा उनीहरू विभिन्न अधिकार र सुविधाबाट वञ्चित हुनुपरेको उनीहरू बताउँछन् । जन्मदर्ताको अभावमा सो बस्तीका बालबालिकाले नेपाल सरकारबाट प्राप्त हुने पोषणभत्ता, बालबालिकासँग सम्बन्धित अन्य सुविधा र निश्शुल्क शिक्षाबाट समेत वञ्चित रहेको बस्तीका ५५ वर्षीया महिला जिवछी सदाले बताइन् । चरम गरीबीका कारण त्यस बस्तीका अभिभावक पनि बालबालिकालाई आवश्यक जन्मदर्ता बनाउनदेखि सरकारी सुविधा प्राप्त गर्नेसम्म पनि खासै मतलब नराखेको र बिहान–बेलुका खानपानकै जोहोमा लाग्ने गरेको बस्तीकी वृद्ध महिला मरनी सदाले बताइन् ।

सोही बस्तीका बहादुर सदाले पनि बालबालिकाले के खाने, कसरी बाँच्ने कुराको व्यवस्थापनमैं बस्तीका महिला, पुरुषहरूको दिनचर्या बित्ने गरेको कारण अरू कुनै कुरामा ध्यान पुऱ्याउन नसकिएको थपे । जिल्लाको सदरमुकाममैं दर्जनौं बालबालिका जन्मदर्ताविहीन र अभिभावक नागरिकताविहीन हुनु स्थानीय सरकार र जनप्रतिनिधिको लागि लज्जास्पद कुरा रहेको जलेश्वरका बुद्धिजीवीको ठहर छ भने खैरा गाउँका मुसहर बालबालिका र तिनका अभिभावकलाई बस्तीमैं गएर जन्मदर्ता र नागरिकता बनाइदिन सरोकारवालासँग जोडदार माग गरेका छन् ।

अहिले सो बस्तीका मुसहरहरूले त नेपाल सरकारले जनप्रतिनिधिका लागि

(बाँकी पाँचौं पातामा)



छठ पर्व सकिएपछि ठोरी गाउँपालिकाको राईधारामा वनभोज खानेहरूको भीड । तस्वीर: चिरञ्जीवी सापकोटा

## फरक समाचार

# डार्क टुरिज्मको चलन बढ्दै

संसारमा नयाँ प्रकारको पर्यटनको चलन बढ्दै छ । बिदामा आआफ्ना छोराछोरीसँग नयाँ हिल स्टेशन अथवा मोजमस्तीमा जानेहरू अब डार्क टुरिज्मप्रति



आकर्षित भइरहेका छन् । यो यस्तो टुरिज्म हो, जहाँ मानिस त्रासदिपछि सुनसान भएको स्थान वा चिहानमा जान चाहन्छ ।

८० प्रतिशत अमेरिकी जीवनकालमा कमसेकम एकपटक डार्क टुरिज्म जान चाहन्छन् । ३० प्रतिशत अमेरिकी रूस–युक्रेन युद्ध समाप्त हुने प्रतीक्षामा छन् कि उनीहरू युक्रेन घुम्न सकून् । युद्धपछि देशको अवस्था कस्तो हुन्छ, यसबाट कसरी उनीहरू मुक्त हुन्छन्, यो कुरा बुझ्न र यसबाट शिक्षा लिन उनीहरू घुम्न चाहन्छन् ।


पासपोर्ट फोटो डट अनलाइनद्वारा सेप्टेम्बरमा ९०० भन्दा बढी मानिसमाथि गरिएको एउटा सर्भेमा यो खुलासा भएको हो । नोटिङ्घम ट्रेन्ट युनिभर्सिटीमा टुरिज्म स्टडीका प्राध्यापक डोरिना मारिया बुडाले भनिन्– पछिल्लो केही वर्षदेखि टुर अपरेटर्सहरूले हालै भएको त्रासदिपूर्ण स्थानमा जाने योजना बनाएका छन् । पर्यटकहरू न्युयोर्क र क्यालिफोर्नियामा हालै आएको तूफानबाट भएको बर्बादीको दृश्य हेर्न चाहन्छन् ।

यतिमात्र होइन, मानिसहरू ग्राउन्ड जीरो (९/११ हमला भएको स्थान)को पनि यात्रा गर्न चाहन्छन् । १७औं शताब्दीमा जादूगरीको आरोपीको उत्पीडन केन्द्रको लागि बोस्टन पनि गइरहेका छन् । जर्मनी वा पोल्यान्डको याना स्थल पनि हेर्न चाहन्छन् । डार्क टुरिज्मको माध्यमबाट मान्छे नरसंहारको शिकार व्यक्तिको इतिहास बुझ्न चाहन्छन् ।

डार्क टुरिज्म अन्तर्गत घोस्ट टुरमा पनि उनीहरूको रुचि छ । बोरो अफ दी डेडका संस्थापक एन्ड्रिया जेन्सका अनुसार जापानको सुसाइड फरेस्ट अओकिगहारा, कोलम्बियामा क्रिमिनल पाब्लो एस्कोबारको लग्जरी जेल र टेनेसीको मैककेमी मनोर घोस्ट टुरिज्मको लागि गइरहेका छन् ।

# अन्तरिक्षबाट बिजुली आपूर्ति

अन्तरिक्षबाट ऊर्जा जम्मा गरेर पृथ्वीमा माइक्रोवेब्सको माध्यमबाट बिजुली आपूर्ति हुने भएको छ । ब्रिटेनको स्पेस एनर्जी इनिसिएटिभका को–चेयरमैन मार्शियन सोल्ताउका अनुसार सन् २०३५ सम्म यो सम्भव हुन सक्छ । हाल उनीहरूको टीम प्रोजेक्ट ‘कैसिओपेआ’माथि काम गरिरहेको छ, जसमा धर्तीको उच्च कक्षमा ठूल्ठूला सेटेलाइट पठाइनेछ ।



बिबिसीको रिपोर्ट अनुसार उच्च कक्षमा पठाइने सेटेलाइटले सोलर ऊर्जा उत्पन्न गर्छ र त्यसलाई पृथ्वीमा पठाउँछ । सोल्ताउ भन्छन्– यस प्रोजेक्टको क्षमता असीमित छ । सैद्धान्तिकरूपमा यसले सन् २०५० मा दुनियाँको सम्पूर्ण ऊर्जा सप्लाई गर्न सक्छ ।

अन्तरिक्षमा सूर्यको ऊर्जा सप्लाई निकै बढी छ र पृथ्वीको उच्च कक्षमा ठूला सेटेलाइटको लागि स्थान पनि धेरै छ । पृथ्वीको जियोस्टेशनरी अर्बिट (भूस्थैतिक कक्ष)को चारैतिर एउटा पातलो पट्टीले हरेक वर्ष सय गुनाभन्दा बढी सौर्य ऊर्जा पाउँछ । यति ऊर्जा धर्तीमा मान्छेद्वारा सन् २०५० मा प्रयोग गरिने अनुमान छ ।

यो सेटेलाइट फ्याक्ट्रीमा बन्ने लाखौं ससाना मोडेललाई मिलाएर बन्नेछ । यसलाई अन्तरिक्षमा रोबोटको मदतबाट असेम्बल गरिनेछ । यिनै रोबोटले पछि गएर यसको मरम्मत र सर्भिसिङ पनि गर्नेछन् ।

सेटेलाइट सोलार एनर्जीलाई हाइ फ्रिक्वेन्सी रेडियो वेब्समा बदलेर त्यसलाई एन्टिनाको माध्यमबाट धर्तीमा पठाइनेछ । त्यसपछि यी रेडियो वेब्सलाई बिजुलीमा रूपान्तरण गरिनेछ । हरेक सेटेलाइट २ गिगावाट बिजुली उत्पादन गर्न सक्षम हुनेछ । धर्तीमा सूर्यको प्रकाश छरिएर आउँछ तर अन्तरिक्षमा यस्तो हुँदैन ।

अमेरिकाको एयर फोर्स रिसर्च ल्याबोरेटरीले पनि यस्तै प्रविधिमाथि काम गरिरहेको छ । यस प्रोजेक्टको नाम स्पेस सोलार पावर इन्क्रिमेन्टल डिमोन्स्ट्रेशन एन्ड रिसर्च हो । यसमा सोलर सेल्सलाई राम्रो गर्ने र सोलर एनर्जीलाई रेडियो वेबमा बदलेर त्यसबाट बिजुली उत्पादन गर्ने सामेल छ ।

# वजन घटाउने उपाय

- मीठो कम खाने
- रातिको भोजन, सुत्नुभन्दा दुई/तीन घण्टा पहिले खाने
- खानामा फाइबर, प्रोटिन र भिटामिनको मात्रा बढी लिने
- भोजनमा हरियो तरकारी, सलाद, फल, दाल बढी, रोटी र चामल कम खाने
- बिहान, दिउँसो र रातिको खानाको बीच ४–६ घण्टाको अन्तर राख्ने
- बिहानको नास्ता पेटभरि गर्ने, दिउँसोको खाना त्यसभन्दा आधा गर्ने र रातिको खाना एकतिहाइ मात्र खाने
- बिहान र साँझ घुमफिरको लागि समय निकाल्नुपर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अरब लिगको सम्मेलन अल्जेरियामा शुरू

अल्जियर्स, १६ कात्तिक/सिन्ह्वा

अरब लिगको सम्मेलन अल्जेरियाको


तस्वीरः रायटर्स

राजधानी अल्जियर्समा मङ्गलवार साँझदेखि शुरू भएको छ । यो अरब लिगको ३१औं शिखर सम्मेलन भएको बताइएको छ ।

यस सम्मेलनका मुख्य एजेन्डामा खाद्य सुरक्षा र इजरायल तथा प्यालेस्टाइन रहेका बताइएको छ । यसअघि लिगको ३०औं सम्मेलनको आयोजक राष्ट्र ट्युनिसिया रहेको थियो। ट्युनिसियाका राष्ट्रपति काइस साइदले अरब लिगको अध्यक्षता गरिरहेका थिए। मङ्गलवार साँझ अल्जियर्समा सो सम्मेलन शुरू भएपछि त्यसको अध्यक्षता उनले अल्जेरियाका राष्ट्रपति अब्देलमाजिद तोबेनोलाई हस्तान्तरण गरेका थिए ।

मङ्गलवार साँझको सो उद्घाटन सत्रमा सम्बोधन गर्दै अल्जेरियाका राष्ट्रपति सइदले अरब लिगको एकतामा जोड दिएका थिए । उनले यस ३१औं सम्मेलनको नारा पनि पुनर्मिलन राखिएको भन्दै यस सम्मेलनले अरब राष्ट्रहरूका बीचमा पुनर्मिलन गराउने अपेक्षा गरिएको बताएका थिए ।

सो सत्रमा अल्जेरियाका राष्ट्रपति तोबेनोले अरब विश्व र समग्र विश्व नै अहिले विभिन्न जटिलताका साथ गुज्रिरहेका बेला अरब लिगको सम्मेलन शुरू भएको भन्दै यस सम्मेलनले अरबका समस्याहरूको समाधानका लागि विकल्प दिन सक्नुपर्ने बताए ।

उनले हाल विश्वमा कोरोना भाइरसको समस्यापछि शुरू भएको आर्थिक मन्दीका साथै खाद्यान्न सङ्कटजस्ता विषयमा अरब विश्वले पनि सोच्नुपर्ने धारणा राखेका थिए ।

उनले हाल विश्वमै बढ्दोरूपमा रहेको खाद्यान्न सङ्कटको समाधानका लागि अरब विश्वले पनि आफ्नो अर्थतन्त्रमा गति दिंदै आपसमा सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिएको समाचारमा जनाइएको छ ।

सो सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेस पनि सहभागी हुने बताइएको छ। साथै अन्य अरब देशका नेताहरूले सो सम्मेलनमा सहभागिता जनाउने समाचारमा जनाइएको छ ।

**३१औं अरब लिग शिखर सम्मेलनमा सीद्वारा बधाई**

बेइजिङ/सिन्ह्वा

चीनका राष्ट्रपति सी जिनपिङले मङ्गलवार अल्जेरियाका राष्ट्रपति अब्देलमाजिद तोबोनोलाई अरब लिग शिखर सम्मेलनको बधाई दिएका छन्। अरब लिगको सम्मेलन अल्जेरियाको राजधानी अल्जियर्समा मङ्गलवार साँझदेखि शुरू भएको छ। अरब लिगको ३१औं शिखर सम्मेलनको अवसरमा सीले बधाई सन्देश पठाएका हुन् ।

अरब लिगले मध्यपूर्वमा शान्ति र स्थायित्व कायम गर्दै बहुपक्षीयता र विकासोन्मुख देशहरूको साझा हितको रक्षाका लागि निरन्तर प्रयास गरिरहेको उनले बताए ।

चिनियाँ राष्ट्रपतिले अरब देशहरूबीचको ऐक्यबद्धतालाई सुदृढ गर्न अल्जेरियाको दीर्घकालीन प्रतिबद्धता, विकासशील देशहरूको वैधानिक अधिकार र हितको रक्षा गर्नको लागि सक्रिय भूमिकाको प्रशंसा गरे । रासस

## भारतमा छठ पूजाका क्रममा त्रिपन्नजना डुबे

नयाँ दिल्ली, १६ कात्तिक/सिन्ह्वा

भारतको पूर्वी राज्य बिहारका विभिन्न भागमा छठ स्नानका क्रममा डुबेर ५३ जनाको मृत्यु भएको छ। हिन्दू धर्मावलम्बीहरूको चार दिने चाड छठमा सूर्य उपासना, स्नान गर्न नदी तथा तलाउमा गएका श्रद्धालुको डुबेर मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन् ।

राज्यको विपद् व्यवस्थापन कार्यालयका अधिकारीहरूलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले जनाए अनुसार छठको अन्तिम दिन गत सोमवार १८ जना डुबेका थिए ।

बिहारका मुख्यमन्त्री नीतिश कुमारले मृतकहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै उनका परिवारलाई क्षतिपूर्तिस्वरूप राज्यकोषबाट रु चार लाख उपलब्ध गराउने घोषणा गरेका छन् । उनले क्षतिपूर्तिबापतको रकम तत्काल पीडितका परिवारलाई प्रदान गर्ने व्यवस्था मिलाउन जिल्लाका सम्बद्ध अधिकारीलाई निर्देशन पनि दिएका छन् ।

प्रकाशको पर्व दीपावलीको अन्त्यसँगै भारतमा छठ पर्व प्रारम्भ हुन्छ । उत्तर एवं पूर्वी भारतका हिन्दूहरूमा जलाशय तथा नदीमा स्नान गरी सूर्य भगवान्को उपासना गर्ने प्रचलन छ । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – सफलता |
| मिथुन – प्रगति | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – शत्रुपराजय |
| तुला – ज्ञानोदय | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनलाभ |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## हेलोविनको रात सिकागोमा चौधजनाको हत्या

सिकागो, १६ कात्तिक/सिन्ह्वा

अमेरिकाको तेस्रो ठूलो शहर सिकागोको पश्चिमी भागमा हेलोविनको रात चौधजनाको हत्या भएको छ । सवारीसाधनबाट अन्धाधुन्ध गोली हानेर भागेका आक्रमणकारीलाई सुरक्षाकर्मीले खोजी रहेका छन् ।

सोमवार राति भएको उक्त घटनामा तीन वर्षको शिशुसहित ११ र १३ वर्षका किशोरकिशोरी पनि मारिएका छन् । अन्य मृतकको विस्तृत विवरण प्राप्त नभएको प्रहरीलाई उद्धृत गर्दै सिकागो ट्रिब्युनले जनाएको छ । आक्रमणकारीबाट ज्यान जोगाउन भागेकी एक महिलालाई आक्रमणकारी सवार गाडीले ठक्कर दिएको थियो ।


तस्वीरः सिन्ह्वा

आक्रमणकारीको एक समूहले सडकको एक किनारमा बसेर आक्रमणकारीलाई सघाएको थियो भने अर्को समूहले गाडीबाटै गोली हानेको थियो । हालसम्म कसैलाई पक्राउ नगरिएको र घटनाको अनुसन्धान तथा अपराधीको खोजी भइरहेको प्रहरीले बताएको छ । रासस


व्यक्तिगत घटना जस्तैः जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

वीरगंज महानगरपालिका कार्यालय


## आगलागीबाट उखुबाली जलेर नष्ट

प्रस, निजगढ, १६ कात्तिक/

निजगढमा बुधवार अचानक उखुबालीमा आगलागी हुँदा १५ लाखभन्दा बढी मूल्यको उखु नष्ट भएको पीडित किसानहरूले बताएका छन् ।

निजगढ नगरपालिका–८ स्थित ८० बिघामा रहेको उखुबालीमध्ये हीरा थापामगरको एक बिघा र राम खत्रीको दुई बिघामा आगलागीका कारण जलेर उखुबाली नष्ट हुन पुगेको उखुधनीद्वय थापामगर र खत्रीले बताए । एक्कासि बुधवार दिउँसो करीब ३ बजे उखुबारीमा आगोको मुस्लो दन्किएको वरपरका स्थानीयले देखेपछि उखुबाली धनीहरूलाई खबर गरेका थिए। सो आगोलाई नियन्त्रणमा लिन जनपद प्रहरी,


तस्वीरः प्रतीक

सशस्त्र प्रहरी, स्थानीय गाउँले र निजगढ नगरपालिकाको वारुणयन्त्रको सहयोगमा थप क्षति हुनबाट रोक्न सफल भएको घटनास्थल पुगेका बालीधनीहरूले जानकारी दिए । सो उखुबाली आसपासमा जमीन प्लटिङ गरी बाँझो छोडिएका कारण कोही कसैले सल्केको चुरोटको ठुटो मिल्काउँदा सुकेका झारपातमा आगो सल्किन पुगी सो घटना हुन गएको आशङ्का गरिएको छ ।

यता यस आगलागीका घटनाका बारेमा प्रहरीले अनुसन्धान गरी संलग्न दोषी पत्ता लगाइ क्षतिपूर्ति असुल उपर गरी कानूनी कारबाही गर्नुपर्ने पीडित किसानहरूको माग छ ।

## ‘भोलिको शहर’लाई जोखिममुक्त बनाउन ध्यान जानुपर्ने

काठमाडौं, १६ कात्तिक/रासस

भोलि बन्ने शहर जोखिम न्यून क्षेत्रका रूपमा स्थापित गर्न सरोकार भएका निकायको ध्यान जानुपर्नेमा जोड दिइएको छ ।

त्रिभुवन विश्वविद्यालय इन्जिनीयरिङ अध्ययन संस्थान, त्रिवि केन्द्रीय भूगोल विभाग, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट), ‘साउथ एशिया इन्स्टिच्युट अफ एडभान्स्ड स्टडिज’ (एसआइएएस), ‘प्राक्टिकल एक्सन साउथ एशिया अफिस’लगायत संस्थाले यस विषयमा अध्ययन गरिरहेको जनाइएको छ ।

यस विषयमा नेपालमा जस्तै विश्वका अन्य १० शहरमा अध्ययन भइरहेको इन्जिनीयरिङ अध्ययन संस्थानकी प्राध्यापक सङ्गीता सिंहले जानकारी दिइन् । नेपालमा ललितपुर महानगरपालिका वडा नं २१ स्थित ऐतिहासिक एवं सांस्कृतिक शहर खोकनाको अध्ययन सम्पन्न गरिएको छ। अनुसन्धानरत समूहले खोकनाको भूउपयोग नक्शासमेत तयार पारेको ‘भोलिको शहर’ विषयमा जारी कार्यशाला गोष्ठीमा उनले जानकारी दिइन् ।

खोकनामा सन् २०१९ देखि अनुसन्धान गरिएको थियो। अध्ययनले खोकनालाई कृषियोग्य भूमिको संरक्षण गर्दै हरियालीयुक्त सांस्कृतिक शहरका रूपमा विकास गर्न सकिने निष्कर्ष निकालेको प्रा सिंहले बताइन् । नयाँ बन्न लागेका शहरलाई भूकम्प, बाढी, पहिरोजस्ता विपद्बाट जोखिममुक्त बनाउने सम्बन्धमा अध्ययन गर्दा सम्भव रहेको निष्कर्ष निस्केको छ ।

विसं २०७८ को जनगणनाको प्रारम्भिक परिणाम अनुसार शहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्या ६६.८ प्रतिशत पुगेको छ । शहरी जनसङ्ख्या बढे पनि सरकारले घोषणा गरेका नगरपालिका शहर जस्तो नभएको अध्ययन समूहको निष्कर्ष छ । नगरपालिका घोषणा गर्दा धेरैवटा गाउँलाई जोडेर जनसङ्ख्या पुर्‍याउने तर जनघनत्वका बारेमा ध्यान नदिने गरेको अध्ययन समूहको भनाइ छ ।

शहरी क्षेत्रमा भूकम्प, बाढी, पहिरोजस्ता सम्भावित जोखिमको पनि अध्ययन गरेर योजना निर्माण गरिनुपर्नेमा सरोकार भएका निकायको ध्यानाकर्षण गराइएको छ । एसआइएएसका अध्यक्ष डा नेत्रप्रसाद तिमल्सिना दिगो विकास लक्ष्यको दिगो शहरीकरणलाई समेटेर अनुसन्धान गरी जोखिममुक्त नगर बनाउन सहयोग गरिएको बताउँछन् ।

यो अध्ययन प्रतिवेदनलाई सरकारी संस्थाले कार्यान्वयन गर्नुपर्नेछ । यसका लागि शहरी विकास मन्त्रालयका सहसचिव पद्मकुमार मैनालीको संयोजकत्वमा समिति गठन गरिएको जानकारी पनि कार्यक्रममा गराइएको छ ।

अध्ययन समूहले लुम्बिनी प्रदेशसभाले नयाँ राजधानी शहरका रूपमा निर्णय गरेको राप्ती उपत्यकाका बारेमा पनि अनुसन्धानको तयारी गरेको छ । एक वर्षभित्रमा दाङ र अर्घाखाँची जिल्लाका तीन स्थानीय तहका १४ वडा क्षेत्रको जोखिम अवस्थाका बारेमा अनुसन्धान गर्ने तयारी भइरहेको छ ।

एनसेट नेपालका उपकार्यकारी निर्देशक डा रमेश गुरागाईं शहरमा अब बन्ने आयोजनामा जोखिम न्यून गराउन अनुसन्धान भइरहेको बताउँछन् । संयुक्त अधिराज्य अनुसन्धान संस्था (युकेआरआई)को सहयोग एवं समन्वयमा नेपाल, टर्की, केन्या र इक्वेडरमा हाल अनुसन्धान भइरहेको छ ।

खोकना, स्तानबुल, नैरोबी र क्वेटो शहरमा यस्तो अनुसन्धान गरिएको जनाइएको छ ।

## मालपोत कार्यालय, पर्साको हकदावीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उप्रान्त जिल्ला पर्सा साविक गाविस अलौं वडा नं. ७ मा बस्ने शङ्कर साह तुराहाको नाममा दर्ता कायम रहेको तपसीलको जग्गा भोगचलन गरी आउँदा निजको मृत्यु भई शेषपछिको हकदार पत्नी सुनैना देवी र ३ जना छोराहरु भारतीय नागरिक भएकोमा छोराहरुको मन्जुरीले कुनै नेपाली नागरिकसँग बेचबिखन, हक हस्तान्तरण गर्न हक कायम नामसारी गरी पाउँ भनी जिल्ला पूर्वी चम्पारण रक्सौल नोनेयाडीह ग्राम, थाना रक्सौल बस्ने सुनैना देवीले द.नं. १९७२४ मिति २०७८/०९/२६ को माग निवेदन पेश गर्नु भई उल्लिखित जग्गाको मोठ भिडाउँदा श्रेस्ता जीर्ण भई च्यातिसकेको भनी मोठ फाँटबाट प्रमाणित भिडी आएको सन्दर्भमा मिति २०७९/०६/३१ को आदेशानुसार हकदावीको ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । तपसिलको जग्गामा कोही कसैको हकदावी लाग्ने भए वा सो जग्गाको श्रेस्ता कायम गरी निज निवेदिकाको नाममा नामसारी हक कायम हक हस्तान्तरण हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र सबुत प्रमाणसहित उजुर दावी गर्न आउनुहोला । म्यादभित्र उजुर दावी नपरे नियमानुसार भई जाने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| गाविस | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | मोही |
|---|---|---|---|---|---|---|
| अलौं | १ | – | ८१ | ०–२–१८ | शंकर साह तुराहा | |
| अलौं | १ | – | ७४ | ०–७–० | शंकर साह तुराहा | सीताराम माझी |
| अलौं | १ | – | ६५ | ०–१–६ | शंकर साह तुराहा | |
| अलौं | १ | – | ६७ | ०–३–८ | शंकर साह तुराहा | राम पिख राउत नुनिया |
| अलौं | १ | – | ६८ | ०–२–१८ | शंकर साह तुराहा | कालीचरण राउत कुर्मी |
| अलौं | १ | – | ६९ | ०–५–० | शंकर साह तुराहा | |
| अलौं | १ | – | ११४ | ०–३–० | शंकर साह तुराहा | रामकृष्ण महरा |
| अलौं | १ | – | ११५ | ०–३–० | शंकर साह तुराहा | उतिम भगत |
| अलौं | १ | – | ६३ | ०–२–१० | शंकर साह तुराहा | रामदेव राउत कुर्मी |
| अलौं | १ | – | ६४ | ०–२–७ | शंकर साह तुराहा | दरोगा साह कानू |
| अलौं | १ | – | १७ | ०–१६–१८ | शंकर साह तुराहा | जेदग साह कानू |
| अलौं | १ | – | १८ | ०–१२–१० | शंकर साह तुराहा | सुकदेव राउत कुर्मी |
| अलौं | १ | – | १९ | ०–१६–५ | शंकर साह तुराहा | |
| अलौं | १ | – | २० | ०–१–१३ | शंकर साह तुराहा | |
| अलौं | १ | – | २१ | ०–४–१० | शंकर साह तुराहा | रामदेव राउत कुर्मी |
| अलौं | १ | – | ९ | ०–२–० | शंकर साह तुराहा | ठग साह तुराहा |
| अलौं | १ | – | ११ | ०–१६–७ | शंकर साह तुराहा | नथुनी राउत कुर्मी |
| अलौं | १ | – | १२ | ०–५–८ | शंकर साह तुराहा | नविव मियाँ धोबी |
| अलौं | १ | – | १३ | ०–२–१५ | शंकर साह तुराहा | तिलक साह तुराहा |
| अलौं | १ | – | १४ | ०–६–० | शंकर साह तुराहा | मुर्ली भगत माली |
| अलौं | १ | – | ११ | ०–४–१० | शंकर साह तुराहा | मुर्ली भगत माली |
| अलौं | १ | – | १६ | ०–६–१७ | शंकर साह तुराहा | प्रसाद भगत माली |
| अलौं | २ | – | १३८ | ०–८–१५ | शंकर साह तुराहा | सतनारायण साह कानू |
| अलौं | २ | – | ९४ | ०–५–१४ | शंकर साह तुराहा | |
| अलौं | २ | – | ४२ | ०–०–११ | शंकर साह तुराहा | |
| अलौं | ३ | – | ११७ | ०–८–१० | शंकर साह तुराहा | उछेबर साह कानू |
| अलौं | ३ | – | ११८ | ०–९–५ | शंकर साह तुराहा | इन्द्राम भगत माली |
| अलौं | ३ | – | ११९ | ०–६–० | शंकर साह तुराहा | इन्द्राम भगत माली |
| अलौं | ३ | – | १०९ | ०–१६–० | शंकर साह तुराहा | रामचन्द्र दास वैरागी |
| अलौं | ३ | – | १०१ | ०–३–० | शंकर साह तुराहा | रामचन्द्र दास वैरागी |
| अलौं | ३ | – | १०२ | ०–१३–५ | शंकर साह तुराहा | रामचन्द्र दास वैरागी |
| अलौं | ३ | – | १०३ | ०–१–१५ | शंकर साह तुराहा | रामचन्द्र दास वैरागी |
| अलौं | ६ | – | १४२ | ०–९–५ | शंकर साह तुराहा | |
| अलौं | ६ | – | १५५ | ०–११–५ | शंकर साह तुराहा | |

### पाँच वर्षसम्म नपुगेको.....

आचारसंहिता लागू गरिदिएर उनीहरू केही गर्न नसक्ने भएका छन्। आधारभूत र जन्मसिद्ध अधिकारको कुराका लागि कुनै पनि बेला प्रशासनिक टोली पठाएर आफूहरूको समस्या समाधान गर्न/गराउने सक्ने भएकाले आफूहरूलाई तत्काल नागरिकता र बालबालिकालाई तत्कालै जन्मदर्ता बनाइदिन जोडदार माग गरेका छन् ।

मुसहरबस्तीमा पुगेका सञ्चारकर्मीलाई त उनीहरू यसपालि मङ्सिर ४ गतेको प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा आफूहरू आफ्ना नागरिकता तथा बालबालिकाको जन्मदर्ता, बस्तीमा खानेपानी, शौचालय, पानी निकास, लालपुर्जा तथा रोजगारको सुनिश्चितता गर्ने तथा ती माग पूरा गर्न अहिले तत्कालै केही कदम चाल्ने उम्मेदवारलाई मात्रै आफूहरू मत हाल्ने निधोसमेत गरिसकेको बताउँछन् ।

आफ्ना माग र समस्यालाई बेवास्ता गर्ने तथा आफूहरूलाई पुनः झूटो आश्वासन बाँड्ने वा ठग्न खोजिएमा कुनै पनि दल तथा उम्मेदवारलाई सो बस्तीका मुसहरले मतदान नगरी सम्पूर्ण बस्ती नै यसपालिको निर्वाचन बहिष्कार गर्ने चेतावनी पनि दिएका छन्। अशिक्षित र अबोध व्यक्तिको बाहुल्यता रहेको खैरा गाउँका मुसहरबस्ती सधैंभरि निर्वाचनको बेला खास भोट बैंकको रूपमा चिनिँदै आएको छ ।

# धानमा लागेको भन्सार शुल्क भारतले हटायो

प्रस, वीरगंज, १६ कात्तिक/

भारत सरकारले नेपाल निर्यातमा अर्थ मन्त्रालय राजस्व विभागले कात्तिक १४ गते जारी गरेको सूचना अनुसार


तस्वीरः फाइल

धानमा लगाएको २० प्रतिशत भन्सार शुल्क हटाएको छ । वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले विज्ञप्ति प्रकाशित गरी भारत सरकारको नेपालको लागि धान निर्यातमा भन्सार शुल्क पुनः शून्य प्रतिशत कायम गरेको बताएका छन् ।

यसअघि भारत सरकारले गत भदौ २३ गते सूचना जारी गर्दै नेपालको लागि निर्यात हुने धानमा २० प्रतिशत भन्सार शुल्क कायम गरेको थियो । भारत सरकारको यो कदमबाट नेपालका चामल, दाल, तेल सङ्घले भारतका सम्बन्धित निकायहरूमा यसबारे ध्यानाकर्षण गराउँदै आएको थियो ।

सङ्घका अध्यक्ष गुप्ताले भारत सरकारले धान निर्यातमा लगाएको २० प्रतिशत भन्सार शुल्कबाट नेपालमा रहेका चामल उद्योगहरू बन्द हुने अवस्थामा पुगेको र उपभोक्ताहरू महँगोमा चालम उपभोग गर्न बाध्य भएको बताएका थिए। उनले भन्सार शुल्क हटाएपछि चामल उद्योगीहरूमा खुशी छाएको बताए। गत वर्ष भारतबाट साढे पाँच लाख मेट्रिक टन धान नेपाल आयात भएको थियो भने यस वर्ष छ लाख मेट्रिक टन आयात गर्न पाउने अनुमति पाएको छ ।

यसबाट चामल उद्योगको विस्तार, विकासमा प्रवर्द्धन हुने तथा नयाँ चामल उद्योगहरू स्थापित हुने तथा आम उपभोक्ताहरूलाई सस्तोमा चामल उपलब्ध हुने अध्यक्ष गुप्ताले बताए ।

---

### वीउवासङ्घको.......

प्रस्टयाएका छन् ।

उनले सिङ्गापुरले अन्तर्राष्ट्रिय व्यापार र कनेक्टिभिटीमा गरेको प्रगति र भियतनामले सूचना प्रविधिमा गरेको प्रगति नेपालमा लागू गर्नको लागि त्यस्ता सूचना प्रविधिको बारेमा बुझ्ने, सो ठाउँमा रहेका औद्योगिक पार्कहरूको अवलोकन गरी त्यहाँ उत्पादनको लागि अपनाइएका प्रक्रियाबारे अध्ययन गर्ने, सिङ्गापुर र भियतनामका उद्योग वाणिज्य सङ्घसँग छलफल गर्ने अध्यक्ष गुप्ताले जानकारी गराएका छन् ।

वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल र द्वितीय उपाध्यक्ष हरिप्रसाद गौतमले आज भ्रमणमा निस्किएका टोलीलाई फूलमाला, खादा लगाएर बिदाइ गरेका थिए ।

सङ्घ स्रोतका अनुसार पदाधिकारी सदस्यहरूको भ्रमण खर्चका लागि सङ्घको कोषबाट ३७ लाख निकासा गरिएको छ भने पत्नीहरूको खर्च पदाधिकारी सदस्यहरूले स्वयम् बेहोर्ने बताइएको छ ।

---

### चाडपर्व..........

कार्यक्रममा नेकाका राजेश्वरप्रसाद यादव, विनोद ठाकुर, महिला नेत्री किरण सरकार, कोपिला चौरसियालगायतको सहभागिता थियो ।

***प्रस, पोखरिया/***

पोखरिया नगरपालिका–९ शिबर्वामा सत्तारूढ गठबन्धनबाट प्रतिनिधिसभाका उम्मेदवार नेकाका सुरेन्द्रप्रसाद चौधरी र प्रदेशसभा सदस्यमा क्षेत्र नं ३ (२) बाट नेकाकै उम्मेदवार जनार्दनसिंह क्षत्रीले संयुक्त घरदैलो कार्यक्रम गरेका छन् ।

सो अवसरमा उम्मेदवारद्वय चौधरी र क्षत्रीले सत्तारूढ गठबन्धनका उम्मेदवारहरूलाई मत दिएर विजयी बनाउन आग्रह गरे । उनीहरूले प्रतिगमन



रोक्नको लागि गठबन्धन बनेको र गठबन्धनले नै आगामी सरकार बनाउने दाबी गर्दै गठबन्धनका उम्मेदवारलाई मतदान गर्न सुझाए ।

यसैगरी, सत्तारूढ गठबन्धनबाट क्षेत्र नं ४ मा नेकाका उम्मेदवार रमेश रिजालले बुधवार छिपहरमाई गाउँपालिका–१ भलुवाही र ४ को तुलसीबर्वामा घरदैलो गरेका छन् ।

रिजालले घरदैलो कार्यक्रममा मधेस र देशको समृद्धिका लागि सत्तारूढ गठबन्धनका उम्मेदवारलाई जिताउन आग्रह गरे । उनले एमालेको दुई तिहाइ बहुमतको सरकार भएपनि तीन वर्ष नटिकेको र दुईपटक एमाले अध्यक्ष ओलीले संविधान मिचेर संसद् विघटन गरेको भन्दै अबका दिनमा पनि सो पार्टीलाई मत दिने हो भने लोकतन्त्र नै धरापमा पर्ने खतरा रहेको जिकिर गरे । उनले लोकतन्त्रको रक्षाको लागि र संविधान पालनाको दिशामा नेकासहितको गठबन्धन दलका उम्मेदवारहरूलाई विजयी बनाउन आग्रह गरे । कार्यक्रममा गठबन्धनबाट प्रदेशसभा सदस्यका उम्मेदवार माओवादी केन्द्रकी शेख चाँदतारालगायत नेता, कार्यकर्ताहरूको सहभागिता थियो ।

यसैगरी, पर्सा क्षेत्र नं ३ (१)मा स्वतन्त्र उम्मेदवार चन्द्रकिशोरप्रसाद चौधरीले बुधवार पटेर्वासुगौली गापा देउरिया, मोरटोल निचुटा र मनिहर्वामा घरदैलो कार्यक्रम गरेका छन् । विभेद अन्त्य गरी सबैलाई समानरूपमा हकअधिकार सुनिश्चित गर्न आग्रह गर्दै उनले घरदैलो कार्यक्रम गरेका थिए ।


## उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
- आर्थिक रूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं ।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





# खेलकूदको संसार

## ब्रह्मज्योति गोल्डकपः निर्मल समाज र अगम युवा क्लब फाइनलमा भिड्ने

चिरञ्जीवी सापकोटा, ठोरी, १६ कात्तिक/

ब्रह्मज्योति युवा क्लबद्वारा आयोजित प्रथम ब्रह्मज्योति गोल्डकप नकआउट फूटबल प्रतियोगिताको बुधवार सेमिफाइनल चरणको खेल सम्पन्न भएको छ। एकै दिन सम्पन्न दुई सेमिफाइनल खेलमध्ये पहिलो खेलमा निर्मल समाज क्लबले जनचेतना


तस्वीरः प्रतीक

युवा क्लबलाई पराजित गरी फाइनलमा प्रवेश गरेको छ। निर्मल समाजका सुमन चौधरी र विशेष तामाङले एक/एक गोल गरेका थिए भने जनचेतना युवा क्लबका किरण राउतले एक गोल मात्र गर्न सके। जीतसँगै निर्मल समाज फाइनलमा प्रवेश गरेको छ। पहिलो सेमिफाइनलको 'म्यान अफ दी म्याच' निर्मलका अश्विन घिमिरे घोषित भए।

यसैगरी, दोस्रो सेमिफाइनल खेलमा अगम युवा क्लब शिकारीवास विजयी भएर फाइनलमा प्रवेश गरेको छ। अगमका कृपा चौधरीले गरेको दुई गोल दोस्रो सेमिफाइनलको निर्णायक भयो। ब्रदर्स एफसी ठोरीलाई दुई गोलअन्तरले पराजित गर्दै अगम युवा क्लब शिकारीवास फाइनलमा प्रवेश गरेको हो। यो खेलको 'म्यान अफ दी म्याच' चौधरी घोषित भए। आयोजक क्लबका अध्यक्ष पन्नालाल विष्टले फाइनल खेल कात्तिक १८ गते शुक्रवार हुने बताए।

यसअघि हिजो मङ्गलवार भएको अन्तिम क्वाटरफाइनल खेलमा ब्रदर्स एफसी र निर्मल समाज क्लब विजयी भएका थिए। पहिलो क्वाटरफाइनलमा ब्रदर्स एफसी ठोरीले सुवर्ण युवा क्लब ठोरी सुवर्णपुरलाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गरी सेमिफाइनल प्रवेश गरेको थियो। ब्रदर्स एफसीका सुजन श्रेष्ठ र राजीव रानामगरले समान एक/एक गोल गरे।

दोस्रो तथा अन्तिम क्वाटरफाइनल खेलमा निर्मल समाज क्लब, ठोरीले चौतारी युवा क्लब, ठोरी गडुवालाइनलाई शून्यका विरुद्ध पाँच गोलको फराकिलो अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको थियो। निर्मल समाज क्लबका रितेश क्षेत्री र विशेष तामाङले दुई/दुई गोल गरे भने सतीश तामाङले एक गोल गरेका थिए।

अध्यक्ष विष्टले प्रतियोगितामा २० वटा क्लब सहभागी भएको र विजेतालाई रु एक लाख पाँ हजार तथा उपविजेतालाई ५३ हजारसहित शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरिने बताए। सबैभन्दा बढी गोल गर्ने खेलाडीलाई फाइनलमा चाँदीको जुत्ता उपहार दिइने अध्यक्ष विष्टले बताए।

## मेरीलिवोनसँगको खेल, नेपाली खेलाडीलाई सिकाइ र अवसर

अन्नपूर्ण (कास्की), १६ कात्तिक/रासस

क्रिकेटको पुरानो क्लब बेलायतको मेरीलिवोन क्रिकेट क्लब (एमसिसी)को महिला टोली अहिले नेपालमा छ। नेपाली महिला टोलीसँग क्रिकेट खेल्न सो टोली नेपाल आएको हो।


तस्वीरः रासस

यही कात्तिक ५ गतेदेखि नेपाल भ्रमणमा रहेको एमसिसीको टोलीले छवटा मैत्रीपूर्ण खेल खेल्यो। उसले दुई खेल जितेर चारवटा हाऱ्यो। आइसिसीको यु–१९ र मिक्स ११ टोलीलाई हराएको एमसिसीले नेपाली महिला राष्ट्रिय क्रिकेट टोली सम्मिलित नेपाल क्रिकेट सङ्घ (क्यान–११) सँगको सबै खेल भने हाऱ्यो।

खेलमा हारजितभन्दा पनि अनुभव आदानप्रदान उदाहरणीय बनेको नेपाली टोलीकी कप्तात रूबिना क्षेत्रीले बताइन्। "खेल जिते पनि हामीले राम्रो खेल्न सकेनौं, हामीलाई ४० ओभरको क्रिकेट खेल्ने बानी छैन," उनले भनिन्, "क्रिकेटको पुरानो क्लबसँग खेल्नु ठूलो कुरा हो, उहाँहरूबाट धेरै सिकियो।"

एमसिसीको टूर नेपाल आउनु आफूहरूका लागि सिक्ने अवसर भएको प्रशिक्षक जगत टमाटाले बताए। "एमसिसीले एकदमै राम्रो टोली लिएर आएको थियो, उहाँहरूसँग खेल्दा खेलाडीमा आत्मविश्वास बढेको छ," उनले भने, "सबै खेल जित्यौं, हाम्रालागि राम्रो रह्यो।" टोलीसँग खेलेर ४० ओभर खेल कसरी खेल्ने, आफूलाई मानसिकरूपमा कसरी तयार गर्ने र फिटनेसमा के कति ध्यान दिनुपर्ने रहेछ जस्ता विषयमा ज्ञान बढेको टमाटाको भनाइ छ।

विश्वकप खेलिसकेका खेलाडीसँग खेल्न पाउँदा नेपाली खेलाडीले क्रिकेटसम्बन्धी धेरै कुरा सिक्न पाएको नेपाल क्रिकेट सङ्घ, कास्कीका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताए। "एमसिसीमा इङ्ल्यान्डबाट विश्वकप खेलिसकेका खेलाडी थिए। हाम्रा खेलाडीले इङ्ल्यान्डका खेलाडीबाट अनुभव लिन पाए," उनले भने, "अनुभवी खेलाडीसँग खेलेर जितेपछि हाम्रा चेलीहरूमा आत्मविश्वास बढेको छ।" यो प्रतियोगिताले नेपाली खेलाडीको कमजोरी पनि देखाएको छ, जसलाई सुधार गरेर जाने अवसर मिलेको उनी बताउँछन्।

पोखरामा माछापुच्छ्रे र अन्नपूर्ण हिमाल हेर्दै खेल्न पाउँदा निकै खुशी लागेको एमसिसीका व्यवस्थापक क्लेरी टेलरले बताइन्। नेपाली टोली पनि राम्रो भएकोले खेल निकै प्रतिस्पर्धात्मक बनेको उनको प्रतिक्रिया थियो। क्रिकेटको जननी बेलायतको मेरीलिवोन क्रिकेट क्लबले २३५ वर्षको इतिहास बोकेको छ। यो क्रिकेट क्लब सन् १७८७ मा स्थापना भएको हो।

# लामिछानेविरुद्ध परेको मुद्दामा थुनछेक बहस 'हेर्दाहेर्दै'मा

काठमाडौं, १६ कात्तिक/रासस

जिल्ला अदालत काठमाडौंमा राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेविरुद्ध परेको मुद्दामा बुधवारदेखि थुनछेक बहस प्रारम्भ भएको छ। न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासमा लामिछानेविरुद्ध थुनछेक बहस प्रारम्भ भएपनि सुनुवाइ नभ्याएकाले हेर्दाहेर्दैमा बिहीवारका लागि राखिएको छ ।

सो मुद्दामा सरकारी वकीलका तर्फबाट चारजनाले बहस गर्दै लामिछानेले बलात्कार गरेको जिकिर गरे । भोलि लामिछानेका तर्फबाट बहस हुनेछ । सरकारी वकील कार्यालयले लामिछानेविरुद्ध १७ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा यही कात्तिक १४ गते उक्त मुद्दा दायर गरिएको थियो।

सरकारी वकील कार्यालयले दर्ता गरेको मुद्दामा लामिछानेलाई १० देखि १२ वर्षसम्म कैद सजाय हुनुपर्ने माग गरिएको छ । मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ को करणीसम्बन्धी कसूरको दफा २१९ को उपदफा (३)को देहाय (घ) अन्तर्गतको कसूर गरेको अभियोग लगाइएको छ । संहिताको दफा २१९ को उपदफा (३) देहाय (घ)मा १६ वर्षभन्दा बढी १८ वर्षभन्दा कम उमेरकी महिलालाई करणी गरेमा १० देखि १२ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । लामिछानेले भने आफूविरुद्ध लागेको बलात्कार आरोप अस्वीकार गर्दै आफू निर्दोष रहेको र बलात्कार नगरेको बयान दिएका छन् भने पीडितले आफूमाथि बलात्कार भएको बयान दिएकी छन् । लामिछानेविरुद्ध नाबालिकमाथि जबरजस्ती करणी गरेको आरोपमा जाहेरी परेपछि उनलाई न्यायिक हिरासतमा राखिएको छ। प्रहरीले गत असोज २० गते उनलाई अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको थियो ।

---

### कैलालीमा पनि देखियो...

रोकथामका बारेमा प्रकाश पारेका थिए।

कार्यक्रममा कैलाली र कञ्चनपुरका विभिन्न पालिकाका पशु सेवा शाखाका अधिकृत, बङ्गुर तथा सुङ्गुरपालन व्यवसाय गरिरहेका किसानलगायत सहभागी थिए । विसं २०७८ चैतमा नेपालका केही जिल्लामा देखिएको यो रोग सुदूरपश्चिम प्रदेशमा भने पहिलोपटक देखिएको हो। एक तथ्याङ्क अनुसार यो रोगका कारण अहिलेसम्म देशका विभिन्न क्षेत्रमा २५ हजारभन्दा बढी बङ्गुर तथा सुङ्गुर मरेको जनाइएको छ। खासगरी धेरै युवा यो बङ्गुर तथा सुङ्गुरपालनमा आकर्षित भएर अर्थोपार्जन गरिरहेको अवस्थामा रोग फैलिएमा ठूलो आर्थिक क्षति हुन सक्ने चिकित्सकको भनाइ छ।